# लेखापरीक्षण प्रतिवेदन

## गैडहवा गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गैडहवा गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/496

मिति : २०८३-१-३०

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

गैडहवा गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ७१ करोड ८ लाख १७ हजारको लेखापरीक्षणबाट रु. १ करोड ९२ लाख ९८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड १९ लाख ५५ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु . ३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख ९७ हजार र पेश्की बाँकी रु. १४ लाख ५० हजार गरी जम्मा रु. ७३ लाख ४३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१७ करोड २४ लाख ९४ हजार मध्ये रु. २ करोड ३५ लाख ८३ हजार फर्स्योट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. १५ करोड ६२ लाख ५५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गैडहवा गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ५१ | १,९२,९८,००० | ० | ३७ | १,१९,५४,७४९ | ० | ४९ | १४ | ७३,४३,२५१ | ३,९५,८८४ | ५४,९७,१४१ | ० | ० | ० | ५४,९७,१४१ | १४,५०,२२६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | १७,२४,९४,३१५ | ० | २,३५,८२,९७४ | १४,८९,११,३४१ | ० | ७३,४३,२५१ | १५,६२,५४,५९२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **यस वर्षको प्रतिकृयाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | २७ | सुबिधा बढी भुक्तानी | १०,५०० |
| २ | २०८१/८२ | ३७ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा अनुदान | ७,००,००० |
| ३ | २०८१/८२ | ३५ | बैठक भत्ता भुक्तानी | ४५,९०० |
| ४ | २०८१/८२ | ४५ | पेश्की बाँकी | २०,३३,१७१ |
| ५ | २०८१/८२ | २६ | खर्चका विल भरपाई | ८,००,००० |
| ६ | २०८१/८२ | ३८ | कार्यविधि भन्दा बढी भूक्तानी | १८,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ४८.३ | अस्पताल निर्माण | ८३,१२,३२८ |
| ८ | २०८१/८२ | २३ | अनुगमन भत्ता | ३४,८५० |
| | | | **जम्मा** | **१,१९,५४,७४९** |
| **गत वर्षको सम्परीक्षण** | | | | |
| ९ | २०८०/८१ | ८२ | सूर्यपुरा बाटो नाली निर्माण | १९,७५,६३७ |
| १० | २०८०/८१ | ७४.१ | सूर्यपुरा बहुमुखी क्याम्पस निर्माण | ७,९३,८२२ |
| ११ | २०८०/८१ | ४८ | शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या | २०,६९,१३८ |
| १२ | २०८०/८१ | ७७ | योजना अनुगमन भत्ता | ४,८७,००० |
| १३ | २०८०/८१ | ९३ | मू.अ.कर समायोजन | ५,८५,७९५ |
| १४ | २०८०/८१ | ७८ | भुक्तानी | ३,९३,१७१ |
| १५ | २०८०/८१ | ८६ | बोरिङ जडान | १२,०३,८४७ |
| १६ | २०८०/८१ | ८९ | बढी भुक्तानी | १,५६,३९३ |
| १७ | २०८०/८१ | ३९ | पेश्की : | १६,४३,९७७ |
| १८ | २०८०/८१ | ५९ | गैर सरकारी संस्था मार्फत कार्यक्रम संचालन | १८,३९,४०७ |
| १९ | २०८०/८१ | ६० | खेलकुद कार्यक्रम | १४,४८,४६६ |
| २० | २०८०/८१ | ६३ | क्याम्पसलाई अनुदान | ११,९७,५०० |
| २१ | २०८०/८१ | ७५ | कालोसूची | ४७,३१,३८० |
| २२ | २०८०/८१ | २९ | करार कर्मचारी | १२,९७,००८ |
| २३ | २०८०/८१ | ६४ | कर समायोजन | १,४४,५७८ |
| २४ | २०८०/८१ | २५ | आर्थिक सहायता | २२,००,००० |
| २५ | २०७९/८० | ४२.१ | आन्तरिक आय | ५,९९,९९७ |
| २६ | २०७८/७९ | ३१ | पदाधिकारीलाई दोहोरो सुविधा | ३५,७०० |
| २७ | २०७८/७९ | ३२ | निजी सवारी साधन मर्मत | ६३,४६१ |
| २८ | २०७७/७८ | ३७ | राजस्व व्यवस्थापन | ५२,३६३ |
| २९ | २०७७/७८ | ३६.२ | कर्मचारी तथा पदाधिकारी सुविधा | ६,६४,३३४ |
| | | | **जम्मा** | **२,३५,८२,९७४** |

| | |
|---|---|
| कुल जम्मा | ३,५५,३७,७२३ |

# गैडहवा गाउँपालिका, रुपन्देही

# ( ८०५४८५०४३०० )

# गैडहवा गाउँपालिका , रुपन्देही

# परिचय

१ **परिचय खण्ड**

**(क) कार्यालय परिचय:-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शीता सहित स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यो पालिकाको स्थापना भएको हो। गैडहवा गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित गाउँपालिका हो । यो गाउँपालिकाको नाम वातावरणीय र प्राकृतिकरुपले अत्यन्त मनोरम गैडहवा गाउँपालिका वडा नं. ४ विष्णुपुरामा रहेको गैडहवा तालको नामबाट राखिएको छ। साविक ४ वटा गा.वि.स.हरु साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरा मिलाएर बनेको यो गाउँपालिकाको क्षेत्रफल ९६.६९ वर्ग किलोमिटर, जनसंख्या ५६१४९ जसमा पुरुष २७८४७ र महिला २८३०२ , वडा संख्या ९ वटा रहेको छ। यस गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, ९ वडाअध्यक्ष सहित ४९ जना गाउँसभा सदस्य र १७ जना कार्यपालिका सदस्य रहेका छन्।

**(ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२४ देखि २०८२।९।२७ सम्म ४ कार्यदिन रहेको छ।

**(घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ)लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएकाव्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति:-** पालिकाको आय रव्ययतर्फको रु.१ अर्ब ७१ करोड ८ लाख १७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,५८,२१२.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| क.सं. | विवरण | असुल रु. |
|---|---|---|
| १ | तलव बढी भुक्तानी | २५८२१२ |
| | **जम्मा** | २५८२१२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरणतथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाको अवलम्बन गरी सोही ऐनको दफा ७६(२) अनुसार महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसारको ढाँचामा पालिकाको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको स्थानीय सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन र स्थानीय सञ्चित कोष बाहेकको अख्तियारीको आर्थिक विवरण सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

**आर्थिक कारोबारको एकीकृत विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान र सहायता तथा स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८१।८२मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ६०३७९५६६ | **१** | **चालु खर्च** | ३६६९२५७५४ | ३६६९२५७५३ |
| क | बैंक मुल कोष खाता | २७०८४५६५ | | **२** | **पूँजीगत खर्च** | १७३८४९३८० | १७३८४९३८० |
| ख | विविध कोष खाता (ग.५१) | ३९५८९६१ | | **३** | **संघीय हस्तान्तरित कार्यक्रम** | | २६५४३९१२५ |
| ग | विविध खर्च खाता(ग.२.७) | ४५०७८३८ | | क | सामाजिक सुरक्षा तथा संरक्षण | १७३९९६८९९ | |
| घ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ५१४३९ | | ख | स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास | ४५००००० | |
| ङ | धरौटी | २४७७६७६३ | | ग | एकिकृत स्वासथ्य पुर्वाधार बिकास कार्यक्रम | ८५७२६२२६ | |
| **२** | **राजस्व (आन्तरिक आय)** | | १७९९३३२५० | घ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६१०००० | |
| क | आन्तरिक राजस्व | ६२२९५०८२ | | ङ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ६०६००० | |
| ख | राजस्व बाँडफाँड | ११७६३८१६८ | | **४** | **कोष तर्फको खर्च** | ३५५५९४२ | ३५५५९४२ |
| **३** | **वित्तिय हस्तान्तरण संघ** | | ३५९४२४२१२ | **५** | **धरौटी फिर्ता** | १४९५८८२५ | १४९५८८२५ |
| क | वित्तिय समानीकरण अनुदान | १२५७११२०० | | **६** | **विविध खर्च खाता तर्फ** | ३७३७४०२ | ३७३७४०२ |
| ख | सशर्त अनुदान | २२०६०८९५० | | **७** | **शसर्त अनुदान फिर्ता** | ३२५१५९६० | ३२५१५९६० |
| ग | विशेष अनुदान | १३१०४०६२ | | **८** | **स्रेस्ता अनुसार अन्तिम मौज्दात** | | ४९२३१३८८ |
| **४** | **प्रदेश सरकारबाट प्रास अनुदान** | | २८५५१५०० | **क** | **सञ्चित कोष खाता** | २१७२१०८८ | |
| क | वित्तिय समानीकरण अनुदान | ९५६३००० | | ख | **कोष खाताको मौज्दात** | ४४६७२०६ | |
| ख | सशर्त अनुदान | १५३३१४७९ | | | स्थानिय तथा प्रकोप व्यवस्थापन कोष | ५१४३९ | |
| ग | समपुरक अनुदान | ३६५७०२१ | | | विविध कोष खाता (ग.५१) | २७७७५२८ | |
| **६** | **संघीय हस्तान्तरित कार्यक्रम** | | २६५४३९१२५ | | विविध खर्च खाता(ग.२.७) | १६३८२३८ | |
| क | सामाजिक सुरक्षा तथा संरक्षण | १७३९९६८९९ | | ग | **धरौटी वैंक मौज्दात** | २३०४३०९४ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास का. | ४५००००० | | | | | |
| ग | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ६०६००० | | | | | |
| घ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६१०००० | | | | | |
| ङ | एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | ८५७२६२२६ | | | | | |
| **७** | **विभिन्न कोषतर्फको आय** | | ३२६०९६६ | | | | |
| **क** | स्थानिय तथा प्रकोप व्यवस्थापन कोष | ० | | | | | |
| **ख** | विविध कोष खाता (ग.५१) | २३९३१६४ | | | | | |
| **ग** | विविध खर्च खाता | ८६७८०२ | | | | | |
| **८** | **धरौटी आय** | १३२२५१५६ | १३२२५१५६ | | | | |
| | **जम्मा** | ९१०२१३७७५ | ९१०२१३७७५ | | **जम्मा** | ९१०२१३७७५ | ९१०२१३७७५ |

नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१।१७ को निर्णयानुसार सबै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA)लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ।स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA)अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वयन गरेको सामाजिक सुरक्षा तथा संरक्षण लगायत कार्यक्रममा खर्च भएको रु.२६,५४,३९,१२५.०० लाई प्रतिवेदनमा समावेश गरिएको छैन र राजस्व मोडेलमा सम्पत्ति तथा राजस्वको बक्यौता अवस्था र राजस्वसँग सम्बन्धित टिप्पणीहरु अद्यावधिक रुपमा समावेश गरेको देखिँदैन। उल्लेखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं.२७०) ले पालिकाको समग्र आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गरेको देखिँदैन। पालिकाकाको सम्पूर्ण आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

| **क्र.सं.** | **संघीय हस्तान्तरित कार्यक्रम** | **खर्च रु.** |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १७३९९६८९९ |
| २ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास का. | ४५००००० |
| ३ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ६०६००० |
| ४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६१०००० |
| **५** | एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | ८५७२६२२६ |
| | **जम्मा** | **२६५४३९१२५** |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स | बजेट | कुल खर्च रु. | त्रैमासिक खर्च रु. | | | | आषाढ महिना रु. |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| १ | चालु खर्च | ३६६९२५७५३ | ६७५८७०८४ | ७९६६८७१७ | ९५३१४९७१ | १२४३५४९८१ | ५४७९८४४० |
| २ | पूँजिगत खर्च | १७३८४१२६८ | २४१२२४३ | १३३७३९५४ | ५८२०४५१० | ९९८५०५६२ | ५६९३६९०९ |
| ३ | जम्मा | ५४०७६७०२२ | ६९९९९३२७ | ९३०४२६७१ | १५३५१९४८१ | २२४२०५५४३ | १११७३५३४८ |
| | **खर्च प्रतिशत** | **१००** | १३ | १७ | २८ | ४१ | २१ |

आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले विनियोजित बजेट रु.६४,६०,००,५७९.०० मध्ये रु.५४,०७,६७,०२२.०० अर्थात करिब ८४ प्रतिशत खर्च भएको देखिएको छ। आर्थिक वर्षको पहिलो त्रैमासिकमा १३ प्रतिशत, दोस्रो त्रैमासिकमा १७ प्रतिशत, तेस्रो त्रैमासिकमा २८ प्रतिशत र चौथो त्रैमासिकमा ४१ प्रतिशत अर्थात रु. २२,४२,०५,५४३.०० खर्च भएको देखिएको छ। चौथो त्रैमासिकको आषाढ महिनामा कुल खर्चको २१ प्रतिशत र चौथो त्रैमासिकको ५० प्रतिशत अर्थात रु. १११७३५३४८ खर्च हुनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्बि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम निर्धारण र कार्यान्वियन गरिनुपर्दछ।

## ४ दीर्घकालीन योजना, नीति तथा कार्यक्रम

पालिकाको दिर्घकालीन योजना, नीति तथा कार्यक्रम, मध्यमकालीनखर्च संरचना र वार्षिक बजेट तथा योजना कार्यान्वियन अवस्था निम्नानुसार रहेको छः

### ४.१ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष आर्थिक वर्ष २०८०।८१ देखि २०८४।८५ सम्म कार्यान्वियन हुने गरी "समृद्ध गैडहवा, सम्पन्न जनता" नारा सहितको पहिलो आवधिक योजना निर्माण गरेको छ। पालिकाले आवधिक योजनामा समावेश भएका कार्यक्रमहरु वार्षिक बजेटमा समावेश गरी सोको प्रगति अवस्था मुल्याङ्कन गरेको देखिएन। आवधिक योजनाले तय गरेका लक्ष्य प्राप्ति सम्वन्धमा पालिकाले आवधिक योजनालाई निती तथा कार्यक्रम र बजेटसंग तादम्यता कायम गरी योजना कार्यान्वियनमा अग्रसर हुनुपर्दछ।

### ४.२ मध्यमकालिन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित अनुसार आर्थिक वर्ष २०८०।०८१-२०८१।०८२ सम्मको लागि पहिलो पटक मध्यमकालीनखर्च संरचना तयार गरेको देखिन्छ भने आर्थिक वर्ष २०८१।०८२ बजेट प्रस्तुती अगावै उक्तमा मध्यमकालीन खर्चमा गत वर्षको बजेट कार्यान्वियनको समीक्षा सहित सशोंधन गर्नु पर्नेमा सोमा कुनै परिमार्जन तथा समिक्षा गरेको देखिदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षित उपलब्धि हासिल हुने गरी मध्यमकालीनखर्च संरचना तयार हुनु पर्दछ।

४.३ वार्षिक नीति तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय र व्ययको अनुमान सहित आगामी आर्थिक वर्षको बजेट कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गरी असारमसान्त सम्म पारित गरिसक्नु पर्ने व्यवस्था रहेको छ। साथै सोही ऐनको दफा ७३ मा बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को आय र व्ययको प्रक्षेपण सहित रु. ६४,६०,००,५७९.०० को बजेट तथा कार्यक्रम २०८१।३।२४ मा सभाबाट स्वीकृत गरी २०८१।४।०१ मा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। ऐन अनुसार बजेट, योजना तथा कार्यक्रम निर्माण, वित्त व्यवस्थापन र समयमा खर्च गर्ने अख्तियारी प्रदान गरी सन्तुलित रुपमा कार्यक्रम कार्यान्वियन हुनु पर्दछ।

४.४ वार्षिक योजना तथा बजेट प्राथमिकता

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.६४ करोड ६० लाख बजेट मध्ये आर्थिक विकासमा ७ प्रतिशत, सामाजिक विकासमा ५३ प्रतिशत, पूर्वाधार विकासमा २० प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३ प्रतिशत र बाँकी १८ प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन गरी औसत ८४ प्रतिशत खर्च भएको देखियो। पालिकाले सामाजिक विकासमा सबैभन्दा बढी बजेट ५३ प्रतिशत बजेट विनियोजन गरेकोमा सोको ८६.६७ प्रतिशत खर्च भएको देखिन्छ। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्माण गरी बजेटको सोको पूर्ण रुपले कार्यान्वयन कार्यान्वयन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | क्षेत्रगत बजेट प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,३५,२७,४७९ | ७ | ३,३६,९२,५५९ | ७७.४१ |
| २ | सामाजिक विकास | ३३,९७,३९,७०० | ५३ | २९,४४,३६,२५१ | ८६.६७ |
| ३ | पूर्वाधार विकास | १२,७०,५०,००० | २० | १०,४६,८७,२४३ | ८२.४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,९४,१०,००० | ३ | १,७६,७०,७९१ | ९१.०४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,६२,७३,४०० | १८ | ९,०२,८०,१७७ | ७७.६४ |
| | **कुल जम्मा** | **६४,६०,००,५७९** | १०० | **५४,०७,६७,०२१** | ८३.७ |

४.५ योजना कार्यान्यिन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासका लागि मध्यकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ३१६ योजना छनौट भई कार्यान्वियन भएको देखियो।

| क्र.सं. | रु.१ लाखसम्म | रु.१ लाख देखी २लाखसम्म | रु.२ लाख देखी रु.५लाखसम्म | रु.५लाख देखीरु.१० लाखसम्म | रु.१० लाख देखी रु.२० लाखसम्म | रु.२० लाख रु.५०लाख सम्म | रु.५० लाख भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५० | ११७ | ८८ | ३७ | २० | ४ | - | ३१६ |

पालिकावाट प्राप्त विवरणअनुसार छनौट भएका योजनाहरु साना स्तरमा रहेको देखिन्छ। योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ४.६ कार्यान्वयन नभएका योजना

पालिकाको बार्षिक योजनामा समावेश भएका मध्ये कार्यान्वयन नभएका योजना निम्नानुसार रहेका छन। पालिकाले बजेट तथा कार्यक्रम कार्यान्वयन हुने गरी योजना व्यवस्थापन गर्नु पर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन नभएको बजेट रु. |
|---|---|---|
| १ | समावेशी टोलमा सडक स्तरउन्नती कालोपत्रे | ८००००० |
| २ | गैडहवा १ साडी देखी गैडहवा हुदै पूर्व कञ्चन-३ जाने बाटो निर्माण वडा नं १ | ५०००० |
| ३ | भैलु भु ज सिचाईका लागि वाड नं १ को बोर मर्मत | १००००० |
| ४ | गैडहवा८ कोत्रहवामा खानेपानी पाईपलाइन बिस्तार | २००००० |
| ५ | बाबुलालधोवीको घर नेर नाली निर्माण | २००००० |
| ६ | असिहवागाउँको दक्षिण इरफारको घर निर नाली निर्माण | १००००० |
| ७ | भुजौलीवैष्णव माता मन्दिर निर्माण वडा नं. १ | ५००००० |
| ८ | झरबैराटोलको दक्षिण दुवैतिर अधुरो नाली निर्माण | २००००० |
| ९ | ढौठीकालीमाइ थान निर्माण | १००००० |
| १० | सडहवाकुलो मर्मत | १००००० |
| ११ | केवटलीयागाउँको पुर्व कलभर्ट निर्माण | २००००० |
| १२ | हबीबुलकोखेत कबरस्तानमा माटो पटान | ५०००० |
| १३ | पोहवासुग्रीम वरईको घर देखी पुर्व अधुरो पक्की नाली | ५०००० |
| १४ | मिनमिनवाथारु टोल देखी चमार टोल सम्म माटो र ग्राभेल | १५०००० |
| १५ | मुखियाटोलमा धर्मशाला निर्माण | २००००० |
| १६ | तेलिनडिहइनार मर्मत | ५०००० |
| १७ | ठकुरापुररामबेलास यादवको घरदेखि उत्तर अधुरो नाली निर्माण | ३००००० |
| १८ | रामप्रसाद लोध को खेत देखि उत्तर पश्चिम जाने बाटो स्तर उन्नत | १००००० |
| १९ | सानोऐचावल अमरसेनको घर देखि दक्षिण नाली निर्माण | ३००००० |
| २० | लोन्डिहवाटोल देखि पश्चिम पोल तार जडान गर्ने | ३००००० |
| २१ | सिसईटोल देखि पश्चिम तार पोल जडान | २००००० |
| २२ | खरायोटोलमा विद्युततार पोल तथा ट्रान्सफार्मर जडान | ४००००० |
| २३ | मलावरमाईकोर कोटही माईको अधुरो तारबार गर्ने | १००००० |
| २४ | डिपट्युवेलको सिचांई विस्तार (पाईप ) कार्यक्रम वडा नं. ९ | २००००० |
| २५ | गौशालानिर्माण तथा सुदृढिकरण | २५००००० |
| २६ | धनरहवार कपिलवस्तु सिसहनिया कोठी नदी झो.पु. | १०००००० |
| | **जम्मा** | ८४५०००० |

५ **बजेट रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को हिउँदे अधिवेशनवाट देहायअनुसार रकमान्तर स्वीकृत भएको अवस्था छ। चालु तर्फ १७ र पुँजीगत तर्फ२५ समेत ४२ वटा कार्यक्रमबाट रु.३,६९,७४,०००.०० बजेट रकमान्तरबाट थप/घट गरी निम्नानुसार ७९ वटा कार्यक्रममा रु. ५,७५,६३,१००.०० बजेट कायम गरेको देखिन्छ।

| क्र.सं. | शिर्षक | रकमान्तर गरेको कार्यक्रम | | रकमान्तरवाट थप भएको कार्यक्रम र कायम बजेट | |
|---|---|---|---|---|---|
| | | सँख्या | रकम | सँख्या | रकम |
| १ | चालु | १७ | १,९७,६४,००० | २४ | १,७९,५८,००० |
| २ | पूँजीगत | २५ | १,७२,१०,००० | ५५ | ३,९६,०५,१०० |
| | **जम्मा** | ४२ | **३,६९,७४,०००** | ७९ | **५,७५,६३,१००** |

६ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष आन्तरिक आयबाट रु.१०,७४,३९,१००.००, राजस्व बाँडफाँटबाट रु.१२,७०,९४,०००.०० र समानीकरण, सशर्त, अन्तर सरकारी अख्तियारी (संघ) लगायत अनुदानबाट रु.४१,१४,६७,४७९.०० समेत कुल रु.६४,६०,००,५७९.०० प्राप्ति भएकोमा चालु तर्फ ५७ प्रतिशत रु. ३६,६९,२५,७५३.०९. र पूँजिगत तर्फ ३० प्रतिशत रु. १७,३८,४१,२६८.६२ खर्च भएको देखिन्छ। पालिकामा भएको चालु तथा पुँजीगत खर्च मध्ये आन्तरिक आयको हिस्सा १६ प्रतिशत मात्र रहेको देखिन्छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पालिकाले प्राप्त गरेको अनुदान, आन्तरिक आम्दानी तथा राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन हुने गरी बजेट तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

| प्राप्ति | रु. | स्रोत प्रतिशत | भुक्तानी | रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| क. आन्तरिक आय | १०७४३९१०० | १६.६३ | क. चालु खर्च | ३६६९२५७५३.१ | ६७.८५ |
| ख. समानीकरण अनुदान | १४६५६३००० | २२.६९ | ख. पुँजीगत खर्च | १७३८४१२६८.६ | ३२.१५ |
| ग. राजस्व बाँडफाँट | १२७०९४००० | १९.६७ | | | |
| घ. सशर्त अनुदान | २४२९०४४७९ | ३७.६ | | | |
| ङ. समपूरक अनुदान | ७०००००० | १.०८ | | | |
| च. विशेष अनुदान | १५०००००० | २.३२ | | | |
| **जम्मा** | **६४६०००५७९** | १०० | **जम्मा** | **५४०७६७०२२** | १०० |

७ **आन्तरिक नियन्त्रण प्रणाली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन:-

बजेट व्यवस्थापन तर्फ

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• योजना छनौट, बजेट व्यवस्थापन र कार्यान्वयनसम्म सबैको पहुँच, समान सहभागिता, खर्चमा मितव्ययीता र पारदर्शिता कायम भएको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकीकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।
• पालिकाले दीर्घकालिन प्रकृतिको ठूला योजनाको छनौट नगरी स-साना टुक्रे योजनामा बजेट विनियोजन गरेको छ।

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधीनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरी राजपत्रमा प्रकाशन गरेको देखिएन,
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, बालुवा, गिटी, माटो लगायत र वन तथा नदीजन्य-विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,
• पालिकाले पुँजीगत खर्चको कार्यान्वियन गर्दा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्रावेल तथा बालुवा प्रयोग हुने वडा कार्यालय भवन, विद्यालय भवन तथा सडक निर्माण गरेकोमा पालिकाको क्षेत्रमा भएका नदी तथा खोलामा उपलब्ध हुने निर्माण सामाग्री प्रयोग भए वा नभएको सम्वन्धमा नियन्त्रण गर्ने व्यवस्था तय गरेको देखिएन,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकाबाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,
• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,
• उपभोक्ता समिति मार्फत सम्पादन भएको कार्यको परिमाण तथा लागतसँग उपभोक्ताले खरिद गरेको सामानको बिल भरपाई भिडान हुने गरी अभिलेखाङ्कन गरेको देखिएन,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लिखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

शिक्षातर्फ

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको देखिएन,
• स्थानीय तहले मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,
• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित गरेको देखिएन।

विविध तर्फ

• पालिकाले स्वास्थ्य तथा औषधिजन्य मालसामानको अभिलेख केन्द्रिय जिन्सी खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन,
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,
• कार्यपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,
• जिन्सी निरीक्षण गरी सोको कार्यान्वयन गरेको नदेखिएको,
• सञ्चित कोषको सुरु मौज्दात भिडान हुने गरी आर्थिक वर्ष २०८०।८१ को आर्थिक तथा वित्तीय विवरण र सोमा समावेश हुने अनुसूचि प्रमाणित गरी राखेको देखिएन,

• पालिकाको क्षेत्राधिकारमा रहेको दानव नदीबाट प्राप्त हुने नदीजन्य पदार्थको उत्खन्नका लागि वातावरणीय प्रभाव मुल्याङ्कन गरी आय ठेक्का गरेको छैन,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लिखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने, दफा ७७ (२) आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाको आन्तरिक लेखापरीक्षण शाखाले आर्थिक वर्ष २०८१।८२ को खर्च तथा आम्दानीको कारोबारको आन्तरिक लेखापरीक्षण गरी २०८१।०८।२९ मा प्रतिवेदन पेश गरेको छ। आन्तरिक लेखापरीक्षणले औंल्याएका सैद्धान्तिक पक्षहरु तथा आन्तरिक नियन्त्रणका विषयहरु अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गरिएका छन्। पालिकाले अन्तिम लेखापरीक्षण पुर्व आन्तरिक लेखापरीक्षणका कैफियतहरुलाई सम्बोधन गरी वित्तिय जवाफदेहीता र वित्तिय सुशासन कायम गर्न अग्रसर हुनु पर्दछ।

## ९ कानुन निर्माण तथा न्याय सम्पादन

न्यायिक कार्य सम्बन्धी व्यवस्थाको कार्यान्वियन र कानुन निर्माण अवस्था निम्नानुसार रहेको छ।

### ९.१ कानुन निर्माण अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले २०८१।८२ को अन्त्य सम्म ६२ वटा स्थानीय तह सम्बन्धी कानुन तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ।

### ९.२ न्याय सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ न्यायिक कार्य सम्बन्धी व्यवस्थाको दफा ४६ देखि ५३ ले न्यायिक समितिबाट अधिकार क्षेत्र भित्रका विवादको निरुपण मूलतः निर्णय र मेलमिलापको माध्यमबाट हुने उल्लेख गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा ३३ उजुरी रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा १६१ उजुरी थप भएको र ११९ उजुरी फर्स्यौट भई ७५ उजुरी बाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी तथा विवाद ऐन अनुसार फर्स्यौट गर्नु पर्दछ।

## १० लेखा समितिको गठन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली निर्माण गरी कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्ने सक्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशबाट जारी भएको गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ६७ अनुसार स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह समेत दिनका लागि लेखा समिति रहने उल्लेख छ। पालिकाको

नगरसभाको निर्णयानुसार कार्यपालिका सदस्य श्री सुरेन्द्र सिंह कुर्मीको संयोजकत्वमा निम्नानुसार लेखा समिति गठन भएको देखियो। स्थानीय सरकारको कार्यकारी संरचना `कार्यपालिकाको सदस्यको संयोजकत्वमा लेखा समितिको गठन भएको अवस्थाले स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलब्ध नहुन सक्ने देखिन्छ। ऐनमा व्यवस्था भए अनुसार सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलव्ध हुने सुनिश्चितता हुने गरी समितिको गठन हुनु पर्दछ।

| क्र.सं. | सदस्यको नाम र पद | सभा वा कार्यपालिका सदस्य | अन्य |
|---|---|---|---|
| १ | संयोजक श्री सुरेन्द्र सिंह कुर्मी | कार्यपालिका सदस्य | ४ नं. वडा अध्यक्ष |
| २ | सदस्य श्री मिना क्षेत्री | कार्यपालिका सदस्य | ९ नं. वडा अध्यक्ष |
| ३ | सदस्य श्री सराजुध्दिन धुनिया | कार्यपालिका सदस्य | २ नं. वडा अध्यक्ष |

## ११ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लिखित छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। पालिकाबाट बार्षिक तथा बहुबर्षिय रुपमा प्रयोग हुने गरी उपलब्ध गराएका अनुदान तथा सेवा प्रवाहको अभिलेख लाभग्राहीगत रुपमा व्यवस्थित गर्नु पर्दछ।

| क्र.सं. | विवरण | सिफारिस भएको संख्या |
|---|---|---|
| १ | विवाह दर्ता | ४३९ |
| २ | जन्मदर्ता | ११७६ |
| ३ | मृत्यु दर्ता | ३४९ |
| ४ | बसाइँसराइ दर्ता | २७९ |
| ५ | सम्बन्ध विच्छेद | १२ |
| ६ | सामाजिक सुरक्षा दर्ता | ४७११ |
| ७ | पूर्वाधार सडक निर्माण | २३ |
| ८ | कालोपत्रे सडक निर्माण | १० |
| ९ | कालोपत्रे सडक मर्मत | ० |
| १० | ग्राभेल सडक निर्माण | १ |
| ११ | ग्राभेल सडक मर्मत | ६ |
| १२ | नक्सा पास | ८ |

## १२ खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंया भन्दा बढी रकमको खरिद गर्दा नियम ७(२) अनुसार खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी खरिदको गुरु योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने

उल्लेख छ। पालिकाले हरेक वर्ष सडक तथा सिँचाई लगायत कार्यक्रम कार्यान्वियन गर्न स्थानीय तहको स्रोत तथा प्रदेश र संघीय सरकारवाट बजेट प्राप्त गरी पटके रुपमा लागत अनुमान तयार गरी कार्यान्वियन गरेकोमा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन। विगत तिन वर्षको पुँजीगत तर्फको बजेट तथा खर्चको अवस्था निम्नानुसार रहेको छ।पालिकाले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित लागत मूल्य, खरिद विधि, अनुदान मापदण्ड लगायत व्यहोरा समावेश गरी व्यवस्थित रुपमा योजना कार्यान्वियन हुने गरी खरिदको गुरु योजना तथा वार्षिक खरिद योजना समेत तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

| **क्र.सं.** | **विवरण** | **२०७९।८०** | | **२०८०।८१** | | **२०८१।८२** | |
|---|---|---|---|---|---|---|---|
| | | **बजेट (रु.)** | **खर्च (रु.)** | **बजेट (रु.)** | **खर्च(रु.)** | **बजेट(रु.)** | **खर्च(रु.)** |
| १ | पुँजीगत खर्च | १९७६०७१०० | १७२०४९४७८ | २२९७५८००० | १८६०३३९६५ | २०८९९७१०० | १७३८४१२६८ |

## १३ ठेक्का व्यवस्थापन

नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार सार्वजनिक निकायले सार्वजनिक निर्माण लेखासम्बन्धी फाराम ५०७ अनुसार ठेक्का सम्बन्धी गोश्वारा लगत तथा ५०६ अनुसार ठेक्कागत अभिलेख/खाता राख्नु पर्ने उल्लेख छ। पालिकाले फाराम नं. ५०७ अनुसार ठेक्का सम्बन्धी गोश्वारा लगत तथा ५०६ नं. अनुसार ठेक्कागत अभिलेख/खाता तयार गरेको देखिएन। सार्वजनिक निर्माण लेखासम्बन्धी फाराम अद्यावधिक रुपमा राख्नु पर्दछ। पालिकाले वोलपत्र आह्वान गरी खरिद गरेको निर्माण कार्यको लागत अनुमानको भन्दा ३७ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ।

(उदाहरण)

| **क्र.सं.** | **ठेक्का नं.** | **कामको विवरण** | **निर्माण व्यवसायीको नाम र ठेगाना** | **लागत अनुमान** | **सम्झौता रकम** | **घटि प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | १४।०८१।८२ | सभाहलनिर्माण | नमस्ते नेपाल कन्स्ट्रक्शन | ५०३३२०० | ४६०३९६७ | ८ |
| २ | ६।०८१।८२ | सुर्यपुरा बहुमुखी क्याम्पस | जय विष्णु बिल्डर्स प्रा.लि. | ११३३५५७९ | १०९९७०११ | ३ |
| ३ | ४।०८१।८२ | सुर्यपुरा बजारमा नाली तथा बाटो निर्माण | आर.वि कनट्रक्सन एण्ड विल्डर्स | १७९८०४९८ | १२८९५६७३ | २८ |
| ४ | १०।०८१।८२ | सुर्यपुरा बजारमा नाली तथा बाटो निर्माण | पिनाकल इन्जिनियर्स प्रा लि | १८७४२६७६ | १३६४६३१३ | २७ |
| ५ | ११।०८१।८२ | विभिन्न सडक कालोपत्रे | ए.आर.के. निर्माण सेवा | १३०४५७९३ | ८२४५७१८ | ३७ |

उल्लेखित विवरण अनुसार निर्माण तर्फ पालिकाले तयार गरेको लागत अनुमान भन्दा ३७प्रतिशत घटीसम्म सोही गुणस्तरको कार्य गर्न कबोल गरी खरिद कार्य भएको देखिन्छ। निर्माण तथा मालसामान खरिद सम्झौताको कार्यान्वियन गर्दा सम्झौतामा समावेश स्पेशिफिकेशन र तोकेको गुणस्तरमा निर्माण कार्य सम्पन्न भएको तथा मालसामान आपूर्ति भएको सम्वन्धमा पालिकाले सुनिश्चित गर्नु पर्दछ।

## १४ सहकारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वियन र नियमन गर्ने कार्य सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको सञ्चालन अवस्था सम्बन्धमा अध्ययन तथा अनुगमन गरेको देखिएको छैन। पालिकाले विद्यमान कानुन तथा कार्यविधि अनुसार अनुगमन तथा नियमन गर्नु पर्दछ।

## १५ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लगि कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत र सो रकम बराबरले हुन आउने रकम पालिकाले थप हुने गरी अवकाश कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ। पालिकाले उक्त कोष संचालन सम्बन्धी कुनै कानुनको व्यवस्था गरेको देखिदैन। आर्थिक वर्ष २०८१।०८२ मा कर्मचारी कल्याणकारी कोषको सञ्चितिको अवस्था निम्नानुसारको रहेको छ।

| **विवरण** | **रकम रु.** |
|---|---|
| यस वर्षको सुरु मौज्दात | ३९,५८,९६१.०० |
| यस वर्षको आम्दानी | २३,९३,१६४.०० |
| **जम्मा आम्दानी** | **६३,५२,१२५.००** |
| यस वर्षको खर्च | ३५,७४,५९७.०० |
| **अन्तिम मौज्दात** | **२७,७७,५२८.००** |

## १६ संगठन तथा व्यवस्थापन सर्भेक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८१।३।७ गते बसेको चौधौं गाउँ सभाको बैठकबाट संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी गाउँ कार्यपालिकाको कार्यालयमा ७५ स्थायी तथा करारमा रहने गरी दरबन्दी संरचना स्वीकृत गरेको छ। पालिकाले दिएको विवरण अनुसार पालिकामा हाल स्वास्थ्य सर्शत वाहेक स्थायी ३०, करार तर्फ १८, ज्यालादारी ९ समेत गरी ५७ कर्मचारी कार्यरत रहेको विवरण पेश भएको छ । यो वर्ष कारार र ज्यालादारी कर्मचारीको पारिश्रमिकमा रु.८१,१५,४५९.०० खर्च भुक्तानी गरेको छ । पालिकाले कानून अनुसार पुरा गर्नु पर्ने आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र लगायतका कार्य जिम्मेवारी पुरा हुने र कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्दछ।

## १७ खर्चको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार स्थानीय तहले उच्च सरकारका नीति सँग मेल खाने गरी सुशासन, वातावरण, जलवायु, विपद्, बालमैत्रीता तथा समावेशीकरणलाई समेटेर आवधिक र वार्षिक योजना बनाउनुपर्छ । त्यस्तै दफा २४(३) ले आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक र छिटो प्रतिफल दिने, जीवनस्तर र रोजगारी बढाउने लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। पालिकाले मेला पर्व सहयोग तथा संस्कृती संरक्षण शिर्षकमा रु.२२,१३,७००।०० बजेट विनियोजन गरी खर्च गरेको छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गरिएका देहायका कार्यक्रमहरु ऐनमा व्यवस्था भए अनुसार प्रत्यक्ष रुपमा दीर्घकालिन आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल तथा रोजगारी वृद्धि हुने नभै वितरणमुखी रहेको देखियो। संघ र प्रदेश सरकारबाट उपलब्ध गराएका सामाजिक सुरक्षाका कार्यक्रमसँग दोहोरो नहुने गरी खर्चको आवश्यकता तथा औचित्यता पुष्ट्याँई हुने गरी सुविधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण पालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्दछ ।

| गो. भौ. नं. | विवरण | खर्च रकम |
|---|---|---|
| १६१।०८१।६।२१ | मेला पर्व तथा संस्कृति संरक्षण अन्तर्गत दुर्गा पूजाका लागि आर्थिक सहायता वितरण १४ जनालाई | १,२६,०००। |
| ३३४।०८१।७।२१ | मेला पर्व खर्च छठ तथा दुर्गा पूजा सहायता वितरण | ५५,०००। |
| ३४१।०८१।७।२१ | मेला पर्व खर्च छठ पूजा आर्थिक सहायता वितरण | ८९,०००। |
| ४५५।०८१।८।१२ | मेला पर्व सहयोग छठ पूजा वडा नं २ मा बुद्धभूमि युवा क्लब लाई सहयोग | ९९,७००। |
| ४९३।०८१।८।१२ | मेला पर्व सहयोग सूर्यपुरा छठ पूजा समिति वडा नं ६ लाई भुक्तानी | २,२०,०००। |
| ८३९।०८१।१०।२८ | माघी पर्व तथा खिचडी महोत्सव मनाउन बुद्धभूमि युवा क्लब वडा नं २ लाई भुक्तानी | २,५०,०००। |
| ६८८।०८१।९।२५ | वडा नं ५ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई ट्रेकसुट वितरण ६२५ सेट | ६,००,०००। |
| ८६९।०८१।११।२ | वडा नं ६ मा खेलकुद सामाग्री वितरण | ९१,१३०। |
| ८९९।०८१।११।६ | वडा नं ४ मा खेलकुद सामाग्री वितरण | ९४,०००। |
| १०७६।०८१।१२।११ | वडा नं ५ मा सक्षम आमा समूहलाई बिभिन्न सामाग्री वितरण | १,९९,८४९। |
| १०६९।०८१।१२।९ | वडा नं ५ मा खेलकुद सामाग्री वितरण | ८४,०००। |

१८ **आर्थिक सहायता वितरण**

पालिकाले आफ्नो क्षेत्रभित्रका गरिब, असहाय, विपन्न वर्गलाई सहायता वितरण सम्बन्धमा पालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन ) कार्यबिधि,२०७९ तयार गरी कार्यपालिकाबाट स्वीकृत भएपनि स्थानीय राजपत्रमा प्रकाशन गरेको पुष्ट्याइ पेश हुन आएन ।पालिकाले विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचार, दैविक प्रकोप तथा अन्य आर्थिक सहयोग सहायता वितरणमा अध्यक्षको तोक आदेश, वडाको सिफारिस तथा कार्यपालिकाको निर्णयका आधारमा आर्थिक सहायता तथा पुरुष्कार शिर्षकबाट रु.२८,८६,२२५।०० आर्थिक सहायता वितरणमा खर्च गरेको छ। आर्थिक सहायता वितरण सम्बन्धि निश्चित कार्यविधि तयार गरी सोही आधारमा वास्तविक गरिब तथा विपन्न वर्गको पहिचान गरेरमात्र यस प्रकारको सहायता उपलब्ध गराउने तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति र संघ सस्थाको नामनामेशी समेतको विवरण पालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ । यसरी सहायता वितरण गर्दा आफ्नो आन्तरिक आय समेत मध्यनजर गरी विकास निर्माण लगायतका कार्यका लागि रकम आभाव नहुने गरी आर्थिक सहायता वितरण हुनु पर्दछ ।परीक्षण गरिएका केहि गोश्वरा भौचरहरुः

| गो. भौ . नं . | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ६५।०८१।६।८ | आर्थिक सहायता भुक्तानी विभिन्न १३ जनालाई वितरण | ५३,०००। |
| १०९।०८१।६।१६ | आर्थिक सहायता भुक्तानी विभिन्न १३ जनालाई वितरण | ५१,०००। |
| १७४।०८१।६।२१ | आर्थिक सहायता भुक्तानी विभिन्न २६ जनालाई वितरण | १,०५,०००। |
| २५८।०८१।७।११ | विपद व्यवस्थापनमा आर्थिक सहायत प्रहरी मुजुल्का तथा वडा समितिको सिफारिसका आधारमा ५ जनालाई वितरण | १,००,०००। |
| ५४२।०८१।९।९ | आर्थिक सहायता भुक्तानी विभिन्न १३ जनालाई वितरण | १,००,०००। |
| १६४५।०८२।३।१८ | आर्थिक सहायता भुक्तानी विभिन्न १३ जनालाई वितरण | ८३,०००। |
| १३५४।०८२।२।८ | विपद व्यवस्थापनमा आर्थिक सहायता ९ जनालाई २०००। देखि १००००। सम्म वितरण गरेको | ५७,०००। |

१९ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी बिल भरपाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष दैनिक भ्रमण खर्चमा रु.२३,९५,६८३।०० र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.६,८०,६५०।०० समेत जम्मा रु.३०,७६,३३३।०० खर्च गरेको छ। भ्रमण आदेश र संलग्न भएका बिल भरपाईहरु नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उदेश्य स्पष्ट हुने नगरेको तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत देखिएकोले भ्रमण प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी उद्देश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

२० **अध्ययन अवलोकन भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारले बनाएको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्रीता, जलवायु अनुकूलन, विपद् व्यवस्थापन तथा लैङ्गिक-सामाजिक समावेशीकरणलाई ध्यानमा राखेर आवधिक, वार्षिक, रणनीतिगत, विषयगत मध्यमकालीन र दीर्घकालीन योजनाहरू तयार गरी कार्यान्वियन गर्नुपर्छ। साथै दफा २४(३) अनुसार योजना निर्माण गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिन सक्ने जस्ता योजनाहरु छनौट गर्नुपर्नेमा पालिकाले उल्लेखित अवस्थाका अतिरिक्त केहि कार्यक्रम न्यायिक समित, वडा तर्फका जन-प्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि तथा अध्ययन अवलोकन भ्रमण सम्बन्धि कार्यक्रम समावेश गरी कार्यान्वियन गरेको देखियो। उक्त अवलोकन भ्रमणका विल भरपाईहरु परीक्षण गर्दा भ्रमणकर्ताको देनिकि हाजिरी नउठाएको, सहभागी संख्या समेत कुनैमा एकिन नगरेको तथा उक्त अवलोकन भ्रमणबाट के सिकाई प्राप्त भयो सो सम्बन्धि भ्रमण प्रतिवेदनमा उल्लेख नभएको, खर्च मापदण्ड तयार नगरेको लगायतका कैफियत देखियो। तसर्थ यस्ता कार्यक्रमबाट पालिकालाई दिर्घकालिन तथा प्रत्यक्ष लाभ हुने नदेखिएकोले यस प्रकारको खर्चको प्रभावकारिता विश्लेषण गरी पालिकाले यस्ता भ्रमण कार्यक्रमहरु आवश्यकता र औचित्यतामा आधारित रहि मापदण्ड तयार गरी खर्च गर्नु पर्दछ।

| गो. भौ. नं. | विवरण | भ्रमण स्थान | खर्च रकम |
|---|---|---|---|
| १९२।०८१।७।२ | जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण ३८ जना | बर्दिया, कपिलवस्तु कैलाली | ४५०००० |
| ३६५।०८१।७।२७ | वडा नं ८ का पदाधिकारी, कर्मचारी, स्वास्थ्य स्वयं सेविका लगायत ३५ जना | पाल्पा,गुल्मी, पर्वत स्याङ्जा | २००००० |
| ११४३।०८१।१२।२५ | कर्महवा हेल्थपोष्टका कर्मचारी तथा वडा नं ३ का जनप्रतिनिध र कर्मचारीहरुको अवलोकन भ्रमण २२ जना | अपर मुस्ताङ | ३५०००० |
| १५९१।०८२।३।१५ | वडा नं ५ को सक्षम आमा समूहको अपलोकन भ्रमण खर्च | धनुषा जनकपुर | २९९००० |
| १५८६।०८२।३।१५ | न्यायिक समिति, मेलमिलापकर्ताहरुको अवलोकन भ्रमण | मुस्ताङ मुक्तिनाथधाम | ४२९४५९ |
| १६१४।०८२।३।१७ | जनप्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमण खर्च | तानसेन,अर्घाखाची सुपादेउराली, कपिलवस्तु | २१४४२३ |
| १६१०।०८२।३।१६ | वडा नं ६ का जनप्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमण खर्च | नवलपुर,चितवन,हेटौडा,जनकपुर | ४००००० |
| १६२१।०८२।३।१७ | वडा नं १ का महिला स्वयंसेविका जनप्रतिनिधि र कर्मचारीहरुको भ्रमण | चितवन,हेटौडा,वारा र जनकपुर | १५०००० |

२१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली

(SuTRA) को विवरण अनुसार विविध खर्च शीर्षकमा वडा तर्फ रु.२०,२३,६७८।०० र पालिकातर्फ रु.२९,३३,९७१।०० समेत जम्मा रु.४९,५७,६४९।०० खर्च भएको अवस्था छ। पालिकाले कार्यपालिका तथा कर्मचारीका बिभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अधिपछि बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा खर्च भएको उल्लेख गरेको छ। पालिकाले विविध खर्च गर्दा सबै गोश्वरा भौचरहरुमा प्रयोजन खुलाउने गरेको नदेखिएकोले प्रयोजन खुलाएरमात्र खर्च भुक्तानी गर्नु पर्दछ। पालिकाले ऐन, निर्देशिका तथा वित्तीय क्षमताको परिधिभित्र रही विविध खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२२ **परामर्श सम्बन्धि कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले बीस लाख रुपयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राबिधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था गरेको छ। त्यस्तै सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा कुनै व्यक्ति फर्म वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने प्रावधान छ। पालिकाले यस वर्ष देहाय बमोजिमका परामर्श सेवा खरिद गरि परामर्शदाताले कार्यसम्पन्न पश्चात अध्ययन प्रतिवेदनहरु पेश भएका छन । परामर्शदाताले पेश गरेको अध्ययन प्रतिवेदनहरु जिन्सी अभिलेखमा अद्यावधिक गरेको देखिएन । पालिकाले परामर्श सम्बन्धि सेवा लिदा सम्झौतामा के के काम गर्ने त्यसको बिस्तृत कार्य विवरण तयार गरी परामर्शदातालाई उपलब्ध नगराएका कारण प्रतिवेदनमा समेट्नुपर्ने सबै विषयहरु समेटिएको देखिएन । परामर्शदाताहरुले पेश गरेका अध्ययन प्रतिवेदनमा समावेश भएका सुझाव समेत लेखापरीक्षण अवधिसम्म कार्यान्वियन गरेको देखिदैन। अतः अध्ययन प्रतिवेदनहरु उदेश्य अनुरुप कार्यान्वियन गरिनु पर्दछ ।

| गो. भौ. नं. | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५२३।०८१।८।२५ | व्यवसाय दर्ता तथा नविकरण सफ्टवेयर | निन्जा इन्फोसिस प्रा. लि. | ४, ९५ , २७५। | |
| ५९३।०८१।९।१२ | स्थानीय आर्थिक विकास योजना निर्माण | श्रृजनशिल समाज नेपाल, रामग्राम | ४, ९६ , ३५६। | |
| ५९४।०८१।९।१२ | लागु औषध दुर्व्यशन नियन्त्रण रणनीति योजना निर्माण | असलमित्र मल्टिप्रपोज कम्पनी प्रा.लि. | ४, ९७ , ८२२। | |
| ६२९।०८१।९।१६ | दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धि परामर्श | अमेजिङ्ग सनसाइन मल्टिपर्पोज प्रा.लि. रामग्राम | ४, ९७ , ४८३। | |

२३ **अनुगमन भत्ता**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,२७५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२४ **क्याम्पस व्यवस्थापन अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने र सोही ऐनको दफा ११(ज) अनुसार आधारभुत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले वार्षिक बजेट नीति तथा कार्यक्रममा स्वीकृत गराई गोश्वरा भौचर नं १०२।०८१।६।१६ बाट सूर्यपुरा बहुमुखी क्याम्पसलाई रु.१०,००,०००।०० व्यवस्थापन अनुदान भुक्तानी गरेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने स्वायत्त संस्थालाई व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

२५ **सबैको समान पहुँच**

पालिकाले आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वियन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, सामुहिक लाभ, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तयार गरी लागु गर्नु पर्दछ। पालिका तथा वडाबाट उपलब्ध गराएको देहायका कार्यक्रमहरुमा लाभग्राही सवैको समान पहुँच, स्वामित्वग्रहण, सहभागिता, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तथा मापदण्ड तयार गरी लागु गरेको देखिदैन । उल्लेखित अवस्थाले पालिका तथा वडाबाट अनुदानमा उपलव्ध गराएका कृषि औजार उपकरण जस्तै पम्प सेट, स्यालो ट्युबल, स्प्रे टंकी, बिद्युत मोटर, सिचाइ तथा कृषि कार्यका लागि आवश्यक मल,वीउँ, विजन वितरण गर्दा सवैको समान पहुँच, सहभागिता, पारदर्शीता कायम भएको विषयमा सुनिश्चित हुन सकिएन । अतः पालिकाले वितरणमुखी अनुदान कार्यक्रम कार्यान्वियन गर्दा उल्लेखित व्यहोरा समावेश हुने गरी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्नु पर्दछ। साथै सामाग्रि पाउने लाभग्राहीहरुको नाम नामेशी सहितको विवरण पालिकाको वेभसाइट मार्फत सार्बजनिकरण गर्नु पर्दछ ।

| गो.भौ.नं. | कार्यक्रम | वडा नं | खर्च रकम |
|---|---|---|---|
| १७२७।०८२।३।२२ | कृषि सामाग्रि तथा औजार ५० प्रतिशत लागत सहभागितामा वितरण- डेलिभरी पाइप, पम्प सेट, स्प्रेयर टयाङ्की लगायत | ५ | ५,००,०००। |
| १६७५।०८२।३।१९ | ५० प्रतिशत अनुदानमा स्प्रे टयाङ्की वितरण | ७ | ४,००,०००। |
| १४०९।०८२।२।२८ | डिपट्युबेल सिचाइ पाइपलाइन विस्तार | ८ | ४,००,०००। |
| | | | |

२६ **खर्चका विल भरपाई**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **सुबिधा बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **प्रशासनिक खर्चको तुलना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने

उल्लेख छ। पालिकाको २०८१।८२ को चालु खर्च रु.१२,९१,०७,१२२.०० रहेकोमा निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | खर्च शीर्षक र आर्थिक वर्ष | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | पानी तथा बिजुली | ९४२८७६ | ९६८६४७ | १०७९९०७ |
| २ | अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च | ४३१४२६३ | २९१७२७५ | ३०७६३३३ |
| ३ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३८३२६४१ | ४८२५६५९ | ४२२२५१७ |
| ४ | बैठक भत्ता - पदाधिकारी | ३००१५०० | २१७९६५० | १३५०००० |
| ५ | बैठक भत्ता – कर्मचारी | १३८६२३१ | ८००००० | ८४२९५० |
| ६ | विविध | ३१०३८७३५ | १४३६५२३० | ४९,५७,६४९ |
| ७ | पदाधिकारी सुविधा | १०४१६०२० | १०४५३६५३ | १०३८०२९० |
| ८ | मसलन्द तथा कार्यालय सामाग्री | ५१४६६४९ | ५७५३५०४ | ३१२०००० |
| १० | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन | ३४३१९०४ | १९०९२०४ | २३४४००० |
| ११ | इन्धन | २१५९८०० | २१६३८६४ | १३९१५९० |
| १२ | सवारी साधन मर्मत खर्च | १९५१८२७ | १३८९६५५ | १८००००० |
| १३ | सभा सञ्चालन खर्च | ० | ६००००० | ७९९६५० |

## २९ उपभोक्ता समितिको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने गरी सोही नियमावलीको नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने, बीस लाख रुपैयाँसम्म लागत अनुमान भएमा सिलबन्दी दरभाउपत्र र बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएमा नियम ३१ अनुसार खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। साथै बोलपत्र आव्हान गरी खरिद गर्दा सम्झौताको शर्तमा सम्झौता अनुसार सम्पन्न भएको कार्यमा एक वर्षभित्र कुनै त्रुटी देखिएमा सोसमेतको दायित्व वहन गर्नु पर्ने गरी कार्यसम्पादन जमानत लिई जिम्मेवार बनाउने व्यवस्था रहेको छ। पालिकाले बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गरी ३७ प्रतिशतसम्म घटीमा सम्झौता भई कार्यसम्पन्न भएकोमा र उपभोक्ता समितिबाट कार्य गराउदा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा बाहेक अन्यमा मूल्य अभिवृद्धि कर समावेश नगरेको, ओभरहेड समावेश नगरेको र न्यूनमत १० प्रतिशतसम्म जनश्रमदान समेत कट्टा गरेको तर निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिदैन। नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ।

केही उदाहरण

| क्र.सं. | योजनाको नाम | भौचर नं. | लागत अनुमान | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | गैडहवा सुन्दीकरण | ४९५।०८२।३।१९ | २२०८४७३ | २२०५३३९ | १९५६८६६ |
| २ | गैडहवा तालमा साँस्कृतिक तथा कोशेली घर निर्माण, गैडहवा ४ | ४१०।०८२।३।६ | १६५०२६९ | १६४८६३१ | १४६८३६२ |
| ३ | छत्रपुरा सिसईस्वास्थ्य चौकीको दुई कोठे भवन निर्माण गर्ने कार्य | ५०८।०८२।३।२० | १५४३०३२ | १५४३६८३ | १३७२००० |
| ४ | कोत्रहवा देवीनगर दुर्गा मन्दिर निर्माण, वडा नं.८ | २९३।०८२।२।६ | १०७२०४९ | १०७१०८८ | ९७९०३९ |
| ५ | सिहवा पि.सि.सि. ढलान | २५३।०८२।१।३ | ५५१८७८ | ५४८४७४ | ४८६५९५ |

## ३० घटी परिमाणको विल विजक

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(५) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक

मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार (लेखापरीक्षणमा छनौट गरिएका) निर्माण कार्य गर्दा उपभोक्ता समितिवाट सम्पादन गरेको कार्यमा प्रयोग हुने नर्म्स अनुसारको सिमेन्ट, इटा र सरियाको निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा बिल भरपाई पेश भएको आधारमा निम्नानुसार बढी भुक्तानी भएको छ। पालिकाले वढी भुक्तानी सम्वन्धमा एकिन गरी असुल गर्नु पर्ने रु.

| क्र.सं. | योजनाको नाम | गोश्वारा भौचर नं. | भुक्तानी रकम | सामान/ कामको विवरण | जनश्रमदान पश्चात वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | गैडहवा सुन्दीकरण | ४९५। ०८२। ३।१९ | १९५६८६६ | ५७ घनमिटर १:४ मा इट्टाको गारो लगाउने कार्यको लागि कार्यालयको दररेट रु.१३८९०.०० भएकोमा उपभोक्ता समितिको विलविजक अनुसार रु.१०९६९.०० भई रु.१६६४९६ बढी भुक्तानी | १४९१४७ |
| २ | गैडहवा तालमा साँस्कृतिक तथा कोशेली घर निर्माण, गैडहवा ४ | ४१०। ०८२। ३।६ | १४६८३६२ | ३० घनमिटर १:४ मा इट्टाको गारो लगाउने कार्यको लागि कार्यालयको दररेट रु.१३८९०.०० भएकोमा उपभोक्ता समितिको विलविजक अनुसार रु.११७४९.०० भई रु.६४३२७ बढी भुक्तानी | ५७६२४ |
| ३ | छत्रपुरा सिसईस्वास्थ्य चौकीको दुई कोठे भवन निर्माण गर्ने कार्य | ५०८। ०८२। ३।२० | १३७२००० | क. २८ घनमिटर १:४ मा इट्टाको गारो लगाउने कार्यको लागि कार्यालयको दररेट रु.१३८९०.०० भएकोमा उपभोक्ता समितिको विलविजक अनुसार रु.११७४९.०० भई जनश्रमदान कट्टा पशचात रु.६००७९.०० बढी भुक्तानी।<br>ख. पुलमा फलामको ३०१६ केजिको कार्य गर्दा पालिकाले प्रति केजि रु. १३५.०८ को दरले भुक्तानी गरेको उपभोक्ता समितिले पेश गरेको खरिद विजक अनुसार रु.११९ मात्र भई जनश्रमदान कट्टा पश्चात रु.४३,३८२.०० बढी भुक्तानी। | ९७२०० |
| ४ | कोत्रहवा देवीनगर दुर्गा मन्दिर निर्माण, वडा नं.८ | २९३। ०८२। २।६ | ९७९०३९ | १३.५४ घनमिटर १:४ मा इट्टाको गारो लगाउने कार्यको लागि कार्यालयको दररेट रु.१३८९०.०० भएकोमा उपभोक्ता समितिको विलविजक अनुसार रु.११६०२.०० भई बढी भुक्तानी रु. ३०९८२ | २७७५४ |
| | जम्मा | | | | ३३१७२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१,७२५ |

## ३१ प्रतिवेदन कार्यान्वयन

पालिकाले निम्नानुसार आयोजनाको उजुरी पश्चात छानविन गर्दा सुरु नापि गरेको भन्दा पुनः नापजाँच गर्दा परिमाण घटेको देखियो। आयोजनामा वार्षिक रुपमा पटके बजेट विनियोजन गरी कार्यान्वयन गरेको अवस्थामा पालिकाको क्षेत्राधिकार भित्रका आयोजनाको अवस्थिति अभिलेख नगरेको, आयोजनागत कार्यान्वयन प्रगति प्रतिवेदन अभिलेखाङ्कन नगरेको, विस्तृत परियोजना प्रतिवेदन अनुसारको प्रगति तथा एकिकृत नापि किताव व्यवस्थित नगरेको अवस्था रहेको छ। पालिकाले कार्यक्रम कार्यन्वयन यथार्थपरक रुपमा लागु हुने गरी आयोजनागत वा परियोजना प्रतिवेदन अनुसार प्रगति वा कार्यान्वयन अवस्था खुल्ने अभिलेख तयार गरी अद्यावधिक गराउने व्यवस्था गर्नु पर्दछ।

| कार्यक्रम | बजेट | खर्च | लागत अनुमान | जनश्रमदान | सुरु नापी | पुनः नापी | असुल रकम |
|---|---|---|---|---|---|---|---|
| वडकी गाउँको शिव मन्दिर देखी दिपक सहानीको घरसम्म नाली र पि.पि.सि.ढलान वडा नं. ६ | ६००००० | ५४०८३६ | ६४१२९६ | ६५२९६ | ६०६१३१ | ४३२२४७ | २१०००० |
| पिपरी देखि लोधपुरवा जानेबाटो पि सि सि ढलान र मोजरहवा रुदलको घर देखी प्रकाशको फारम सम्म पि.पि.सि. ढलानवडा नं. ६ | ८५०००० | ८१५००० | ९१४८२७ | ९८८२७ | ९१४०८८ | ८३०१९२ | ८५००० |
| कन्हैया कुर्मीको घर दक्षिण कुलोमा कल्भर्ट तथा पि.सि.सि | ६००००० | ५७४६८० | ६४५५७२ | ६९५७२ | ६४४१७४ | ५८६०३३ | ६००००० |

## ३२ बैठक भत्ता खर्च

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं. ४५ मा बैठक भत्ता सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ । जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ। पालिकाले यस वर्ष कर्मचारी बैठक भत्ता शिर्षकमा रु.८,४२,९५०.०० खर्च भुक्तानी गरेको छ । नमूना छनौटका आधारमा बैठकका माइन्युट परीक्षण गर्दा कार्यालय समयभित्र बस्दा हुने बैठक पनि कार्यालय समय अघि पछि बस्ने गरेको, एकै प्रकारका एजेण्डामा पटक पटक बैठक वस्ने गरेको, बैठकमा आमन्त्रित संख्या मापदण्ड भन्दा बढी राख्ने गरेको लगायतका कैफियत देखियो । यस प्रकारका प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । केहि उदाहरुणहरुः

| गो. भौ. नं. | विवरण | समिति सदस्य | आमन्त्रित सदस्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| २४०।०८१।७।७ | न्यायिक समितिको बैठक | ३ | ५ | ८०,०००। |
| १११२।०८१।१२।१२ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | ३ | ११ | ८३,५००। |
| ११२८।०८१।१२।२० | बोलपत्र खोल्ने कार्यको बैठक | | १६ | १,२४,०००। |

## ३३ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता, विवरण, परिमाण र क्षेत्र, खरिद योजना, लागत अनुमान, खरिद प्रकृया लगायत बेहोरा सहित खरिद कारबाहीको तयारी गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै औषधिजन्य मालसामान, एक्सरे, इसिजी, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) अनुसार २५ लाख रुपैयाँसम्म सोझै खरिद, नियम ८४(१क) अनुसार पचास लाख रुपैयाँसम्म सिलवन्दी दरभाउपत्र र सो भन्दा बढी भएमा नियम ३१ अनुसार बोलपत्र आह्वान गरी खरिद गर्न सकिने उल्लेख छ। पालिकाले गत आर्थिक वर्ष २०८१।०८२ मा वर्षभर आवश्यक हुने औषधि खरिदका रु.५०,००,०००.०० लागत अनुमान तयार गरी राष्ट्रिय स्तरको बोलपत्र मार्फत निम्न फर्मसँग विभिन्न मितिमा रु.२३,९४,६४५.०० औषधि खरिद गरेको अवस्था रहेको छ। पालिकाले वर्षभर आवश्यक औषधिको सही आँकलन गरी मितव्ययिता तथा प्रभावकारिता समेतलाई मध्यनजर गर्दै प्रतिस्पर्धात्मक विधिको प्रयोग सुनिश्चित हुने गरी खरिद कार्य गर्नुपर्दछ।

| क्र.सं. | विवरण | औषधि प्रकार | बजेट तथा लागत रकम रु. | - | - | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक अनुमान | ९१ | ५०००००० | - | - | - |
| २ | बजेट (संघिय सशर्त) | | | - | - | - |
| **३** | **कार्यान्वयन** | | **लागत अनुमान** | **सम्झौता रु.** | **खर्च रु.** | - |
| क | १४१।०८१।१०।२४ औषधि- क्यू इन्टरनेशनल | ७९ | ५०००००० | २७०५९३९.६१ | ९,९३,५८०.०० | बोलपत्र |
| ख | ८२५।०८१।१०।२४ औषधि- क्यू इन्टरनेशनल | | | | १,०१,०६५.०० | |
| ग | ५६।०८१।१०।२४ औषधि- क्यू इन्टरनेशनल | | | | १३,००,०००.०० | |
| | **जम्मा** | | | | २३९४६४५.०० | |

**थप विवरण**

निम्न लिखित औषधिहरुको म्याद १८ महिनाको हुनुपर्नेमा १२ महिना म्याद भएका औषधि बजार अभाव भएको भनि पालिकाले खरिद गरि वितरण गरेको छ।

| क्र.सं. | औषधिकोनाम | Batch no. | Exp date | Qty | Price per unit | Unit |
|---|---|---|---|---|---|---|
| १ | Doxycycline Capsule १००mg | ZDC०१००७ | ०३/ २०२६ | १०००० | ०.१० | Capsule |
| २ | Dextrose ५% Infusion ५००ml | P२४०४९१ | १०/ ०२५ | ५० | ०.०१ | Bottle |
| ३ | Promethazine Tablet २५ mg | ३३५०३७ | ०३/ ०२६ | २५०० | ०.०१ | Tablet |
| ४ | Oxytocin Inj ५IU | OTI-१४८ | ०३/ ०२६ | ५०० | ०.०१ | Ampoule |
| ५ | Ademile Injection ०.५ml | CIE२४०९१ | ०३.०२६ | ९० | ०.०१ | Ampoule |
| ६ | Vitamin B Complex | TCU-०५४ | ०४/ ०२६ | ८०००० | ०.०१ | Tablet |
| ७ | IV Set | IV/ ८०६ | ०२/ ०२६ | १५० | ०.०१ | Pcs |
| ८ | RDT Kit for Malaria | MAL२४०२०१ | ०१/ ०२६ | १२५० | ०.०१ | kit |

३४ **आमा सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुदा नं. १६अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थालेप्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्बन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाको शहरी स्वास्थ्य केन्द्रमा सञ्चालित वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूचि १०) बमोजिम ४९९ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.१,०००.०० का दरले रु.४,९९,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.१२,४७,५००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका ३७७ जनालाई रु.८००.०० का दरले रु.३,०१,६००.०० समेत रु.२०,४८,१००.०० भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिएन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा

निर्देशिका अनुसार आमासुरक्षा कार्यक्रमको अनुसूची १५ वमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमाअनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

### ३५ बैठक भत्ता भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ३६ इन्धन तथा मर्मत खर्च

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुविधा सम्बन्धी व्यवस्था छ। सो ऐनमा सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ। त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ मा सवारी साधन तथा इन्धन सुविधा सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ। पालिका अन्तर्गत स्कारपियो गाडी-१, मोटरसाइक-१७, स्कुटर-१, ट्र्याकटर-१ थान रहेका छन। पालिकाले सवारी साधन मर्मत तथा इन्धन प्रयोगका सम्बन्धमा कर्मचारीहरुका लागि इन्धनको मासिक कोटा निर्धारण गरेको छ । यस वर्ष सवारी साधन मर्मतमा रु.१८,००,०००।०० र इन्धनमा रु.१३,९१,५९०।०० खर्च गरेको छ। पालिकाले मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

### ३७ प्राविधिक शिक्षा अनुदान

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ३८ कार्यविधि भन्दा बढी भूक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ३९ नीतिगत व्यवस्था कार्यान्वयन

**क. सार्वजनिकरण**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षासम्मका विद्यार्थी संख्या अनुसार ५०० जनासम्म, ५०० देखि ८०० जनासम्म र ८०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न सिट आरक्षण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग,

महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले ऐन तथा नियमावली अनुसार निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण लेखापरीक्षणमा पेश भएको छैन। पालिकाले आफ्नो क्षेत्रका संस्थागत विद्यालयको अनुगमन गरी ऐन तथा नियमावलीको व्यवस्थाको कार्यान्वयन सुनिश्चितता, सोको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

**ख. संस्थागत विद्यालय व्यवस्थापन र अनुगमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन तथा अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरी कार्यान्वयन गरेको नदेखिएकोलेनियमानुसार मापदण्ड तयार गरी अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी रुपमा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

**ग. शिक्षक अभिलेख व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुकोनियुक्ति, अवकाश, सरुवा, बिदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको छैन। लेखापरीक्षणको क्रममा माग गरिएका मध्ये केहि शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबैको व्यक्तिगत अभिलेख पूर्ण रुपमा राखेको नदेखिएकोले उपरोक्त अनुसारकोअभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।

**घ. शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरसुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार गर्ने, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण गर्ने, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि गर्ने, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार गर्ने जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कार्य गरेको देखिएन। विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नु पर्दछ।

४० **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ बमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ। पालिका अन्तर्गतका निम्नानुसार २२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

| क्र.स | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | संघीय सरकार दरबन्दी | संघिय शिक्षण सिकाइ अनुदान | पालिका शिक्षण सिकाइ अनुदान | जम्मा शिक्षक दरबन्दी | विद्यार्थी शिक्षकअनुपात |
|---|---|---|---|---|---|---|---|
| १. | सुर्यपुरा मा.वि. | ८२८ | २१ | ० | ० | २१ | ३९ |
| २. | हसनापुर मा.वि. | ७४९ | १४ | ० | ० | १४ | ५४ |
| ३. | जोगडा मा.वि. | ९५० | १६ | ० | ० | १६ | ५९ |
| ४. | महेन्द्रनगर मा.वि. | ४८५ | १० | २ | २ | १४ | ३५ |
| ५. | साडी सर्जु मा.वि. | ५६० | १० | १ | ० | ११ | ५१ |
| ६. | नवदुर्गा मा.वि. | २३५ | १० | १ | ० | ११ | २१ |
| ७. | विष्णुपुरा मा.वि. | ४४१ | ५ | २ | ३ | १० | ४४ |
| ८. | जनकल्याण मा.वि. | ३९४ | ७ | २ | २ | ११ | ३६ |
| ९. | जीवनज्योती मा.वि. | ६८१ | ७ | २ | २ | ११ | ६२ |
| १०. | जनजागृति मा.वि. | ५८४ | ५ | १ | ३ | ९ | ६५ |
| ११. | पोहवा मा.वि. | ३६५ | ६ | १ | ० | ७ | ५२ |
| १२. | जनज्योति आ.वि. | ३४९ | ७ | ० | १ | ८ | ४४ |
| १३. | राजदिप आ.वि. | २७१ | ४ | १ | ३ | ८ | ३४ |
| १४. | शिव आ.वि. | ७८ | ६ | ० | ० | ६ | १३ |
| १५. | जनता आ.वि. | ९२ | ४ | १ | २ | ७ | १३ |
| १६. | धौलागिरी आ.वि. | ७४ | ४ | ० | ० | ४ | १८ |
| १७. | सिद्धार्थ आ.वि. | १८९ | १ | ० | ६ | ७ | २७ |
| १८. | मुक्तिधाम आ.वि. | २०६ | ३ | ० | ० | ३ | ६९ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९. | कालिका आ.वि. | १३८ | ४ | ० | ० | ४ | ३५ |
| २०. | कृषक आ.वि. | १८१ | ३ | ० | १ | ४ | ४५ |
| २१. | नवजागृति आ.वि. | ८६ | २ | ० | ० | २ | ४३ |
| २२. | तिलेश्वर्य आ.वि. | ९३ | १ | ० | २ | ३ | ३१ |
| | जम्मा | ८०२९ | १५० | १४ | २७ | १९१ | ४२ |

पालिकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा २२ विद्यालयमा ८०२९ विद्यार्थी अध्ययनरत रहेकोमा स्थायी दरबन्दी/राहत शिक्षक संख्या १५०, संघीय अनुदान शिक्षक र पालिका करार ४१ गरी कुल १९१ कार्यरत रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:४२ अर्थात १ जना शिक्षकले ४२ जना विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिकविद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमालीक्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था रहेकोमा यस पालिकाका सामुदायिक विद्यालयमध्ये १५ विद्यालयमा ५० भन्दा कम र ७ विद्यालयमा तोकिएको मापदण्ड भन्दा बढी रहेको देखिएको छ। शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षकको समानुपातिक वितरण मार्फत विद्यालमा दरबन्दी मिलान तथा पुनर्वितरण गरी उचित अनुपात कायम गरिनुपर्छ।

### ४१ गरीब विद्यार्थी छात्रवृत्ति

पालिकाले निम्न लिखितविद्यार्थीका लागि अभिभावक विहिन गरिब विद्यार्थी छात्रवृत्तिका रुपमा नगद अनुदान प्रदान गरेको देखियो। उक्त अनुदान वितरणका लागि पालिकाले कुनै कार्यविधि तय गरेको दर्खिदैन। उच्च शिक्षाका लागि विभिन्न क्यापस तथा विश्वविद्यालय स्वयमले विभिन्न छात्रवृत्ती प्रदान गर्ने भएकाले पालिकाले प्रदान गर्ने छात्रवृत्तिका लागि न्यूनतम मापदण्ड तयार गरि दोहोरो नहुने अवस्थाको सुनिश्चित हुने गरी अनुदान वितरणलाई व्यवस्थित गर्नुपर्दछ।पालिकाले यस आर्थिक वर्षमा प्रदान गरेको छात्रवृत्ति विवरण देहाय अनुसारको रहेको छ।

| क्र.सं. | विद्यार्थीको नाम | छात्रवृत्ति रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | चन्द्र किशोर कोहार | १५००० | बी.एस.सी. पढ्नको लागि |
| २ | निरन्जन कुमार कलवार | १५००० | उच्च शिक्षा अध्ययनको लागि |
| ३ | अजय कुमार गुप्ता | ४०००० | नेपालि सेना स्वास्थ्य विज्ञान संस्थानमा MBBS मा पूर्ण रुपमा छात्रवृत्ति प्राप्त |
| ४ | सावित्रा निषाद | १५००० | विषय नखुलेको |
| ५ | अमृता थापा | १५००० | स्नातक तहको लागि |
| ६ | उदरजिया थारु | १५००० | कक्षा १० मा बोडर्स बस्नका लागि |
| ७ | सर्वजित लोध | ८००० | कक्षा ९ मा अध्ययनरत |
| ८ | राधेश्याम लोध/ सोभावती | १५००० | कक्षा ७ मा अध्ययनरत |
| ९ | राज कुमार यादव | १३४०० | छोराछोरी पठन पाठकका लागि |
| १० | संतोष कुँवर | १०३७५ | BSC चौथो वर्ष अध्ययनका लागि |
| ११ | संगिता हरिजन | १५००० | व्यवस्थापन तेस्रो वर्षका लागि |
| १२ | राम नारायण कलवार | १०००० | छोरीपट्टीकी नातिनीलाई पठन पाठन गराउनका लागी |
| १३ | हेम कुमार पाण्डे | ३०००० | Kalinga Institute of Industrial Technology उच्च शिक्षा अध्ययनको लागि |
| १४ | अन्जली चौधरी | १०००० | उच्च शिक्षा अध्ययनका लागि |
| १५ | देव कुमारी हरिजन | १०००० | पाल्पामा उच्च शिक्षा अध्ययनका लागि |
| १५ | ज्ञान्ती कुमारी यादव | १०००० | स्नातह अध्ययनका लागि |
| १६ | राज नन्दनी हरिजन | १५००० | उच्च शिक्षा अध्ययनको लागि |
| १७ | राम कुमार धोबी | १५००० | |
| १८ | सबिता कुमारी कहाँर | १५००० | विविएस तेस्रो वर्ष अध्ययनका लागि |
| १९ | लक्ष्मी कहार | १५००० | विए तेस्रो वर्ष |
| | जम्मा | ३०६७७५ | |

४२ **विद्यालयगत अनुदान**

**विद्यार्थी संख्या सत्यापन**

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS ) प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई

निर्देशिका बमोजिमको अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले संघिय सशर्तबाट प्रदान गर्ने दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक लगायतका अनुदान एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**IEMIS)** मा रहेको विद्यार्थी तथ्याङ्कको आधारमा गरेको देखियो। पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)मा प्रविष्ट तथ्याङ्क यथार्थ हो होइन सम्बन्धमा अनुगमन गरी विद्यार्थी सत्यापन गरेको छैन। विद्यालयमा भर्ना भएका विद्यार्थीको यथार्थ विवरण अनुसार एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यार्थीको विवरण प्रविष्ट भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी विद्यार्थीको संख्यात्मक हाजिरी विवरण सहित सत्यापन गर्नु पर्दछ।

| क्र.सं. | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | ६६३३ | दिवा खाजा | ११९९६२७५ |
| २ | ७६८७ | निःशुल्क पाठ्यपुस्तक | ५४८६८६३.०० |
| ३ | १६११ | प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास/पुर्व प्राथमिक कक्षाका लागि अनुदान (ECD अनुदान रु.५०० का दरले ) | ८०५५०० |
| ४ | ९७३ | सिकाइका लागि आन्तरिक विद्यार्थी मुल्याङ्कनः आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान, कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि (प्रति विद्यार्थी रु. १०० का दरले ) | ९७३०० |
| ५ | ४५६६ | कक्षा १ – ५ (रु . १५० का दरले ) | ६८४९०० |
| ६ | २१८४ | कक्षा ६ – ८ (रु . २०० का दरले ) | ४३६८०० |
| ७ | १३२८ | कक्षा ९– १० (रु . २०० का दरले ) | २६५६०० |
| ८ | ४९५ | कक्षा ११– १२ (रु . २५० का दरले ) | १२३७५० |
| ९ | ३००५ | गैरआवासीय छात्रवृत्ति | १२०२००० |
| १० | १७९ | विपन्न लक्षित छात्रवृत्ति (कक्षा ६-१२) | १०७४००० |

४३ **सेनिटरी प्याड खरिद**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ अनुसार महिनावारी भएमा कक्षा ६ भन्दा तल्लो कक्षामा समेत सेनिटरी प्याड उपलव्ध गराउने गरी कक्षा ६ देखि १२ सम्मका छात्राको तथ्याङ्क अद्यावधिक गरी वार्षिक १० महिनाको लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. ६(४) अनुसार छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटा (२ प्याकेट) सम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नलिखित विवरण र लागत अनुमान सहित बोलपत्र आह्वान गरी प्राप्त बोलपत्र मध्ये सारभुत रुपमा प्रभावग्राही न्यून रकम कवोल गरेको ए.जि. हेल्थ इण्डष्ट्रिज प्रा.लि. सँग रु.१४,२३,७६५.०० मा सम्झौता गरी सेनिटरी प्याड खरिद गरेको छ।

| क्र.स. | सामानको विवरण | लागत अनुमान | परिमाण | दर (रु.) | कुल लागत |
|---|---|---|---|---|---|
| १. | Sagun Pad Ultra Thin २८०mm XL ८pcs | २४८१०६३.९१ | ३६४६८ प्याकेट | ३४.५५ | १४,२३,७६५.०० |

**थप विवरण**

- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। यस आर्थिक वर्षमा पालिकाले खरिद गरेको सेनिटरी प्याड २२ विद्यालयलाई एकमुष्ट जिन्सीबाट निकासा गरेको देखिन्छ।
- पालिकाको २०८१।१२।१७ गते बसेको सेनेटरी प्याड व्यवस्थापन समितिको बैठकले सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३(४) मा समावेश अनुसुची १ रहेको देहायका विवरणहरु संशोधन गरी

सेनिटरी प्याड खरिद गरिएको छ ।पालिकाले यसरी संघिय सशर्तबाट प्राप्त अनुदान संघिय कार्यविधिमा फेरबदल गरी सञ्चालन गर्नु नियमसंगत देखिदैन ।

| क्र.सं. | संशोधन गरिएको बुँदा | मापदण्ड | संशोधन |
|---|---|---|---|
| १ | बुँदा नं. १ Type and Physical finishing | Regular with wing, napkin with uniform thickness | Purely ultra thin sanitary napkin with trifold design anduniform thickness |
| २ | बुँदा नं. ३ Size | size including minimum २४०+-२०mm length and ६० to ७५mm width, thickness १५mm+-mm | २८०+-२०mm length and thickness below ५mm+-२mm |
| ३ | बुँदा नं. ४ Absorbency | The sanitary Pad shall absorb at least ३० ml of colored distilled water | The sanitary pad shall absorb at least ६० ml of colored distilled water. |

- सार्वनजिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले खरिद गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। पालिकाले खरिद गरेको सेनिटरी प्याडको गुणस्तर परिक्षणका लागी २०८२।०२।२९ मा नेपाल गुणस्तर तथा नापतौल विभागमा पत्राचार गरेको देखियो। नापतौल विभागले सेनिटरी प्याड परीक्षण गरी सोको गुणस्तर सम्बन्धमा कुनै पनि प्रतिवेदन गरेको देखिदैन। पालिकाले खरिद पछि खरिद गरीएको मालसामान तोकिएको मापदण्ड अनुरुप भए नभएको सुनिश्चित गर्नुपर्दछ।

**४४ खानेपानी ब्यवस्थापन**

पालिकाले आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वयन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तयार गरी लागु गर्नु पर्दछ। निम्नानुसार भौचरबाट खानेपानीको लागि हेण्ड पम्प खरिद तथा जडान कार्य उपभोक्ता समितिमार्फत जनश्रमदान तथा लाभग्राही समेतबाट कार्य गरेको आधारमा भुक्तानी भएकोमा सम्भावित लाभग्राही सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ र पारदर्शीता कायम हुने गरी उपयुक्त कार्यविधि तथा मापदण्ड तयार गरी लागु गरेको देखिदैन। उल्लिखित अवस्थाले पालिकाले अनुदानमा उपलव्ध गराएका हेण्ड पम्प वितरणका योजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वयन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ तथा पारदर्शीता कायम हुने सुनिश्चितता सहितको मापदण्ड तथा कार्यविधि तयार गरी निर्धारित योजना कार्यान्वयन गर्दा सुविधाजनक र प्रतिशपर्धात्मक प्याकेज तयार गरी मितव्ययी खरिद व्यवस्थापन भएको आश्वस्त हुनु पर्दछ।

| क्र.सं. | गोश्वारा भौचर नं. | श्रोत | बजेट | खर्च | लाभग्राही सँख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न | पालिका | ८००००० | ६६३२२१ | ७६ | तोक आदेशका आधारमा समानको मात्र भुक्तानी |
| २ | विभिन्न | पालिका | ५०००० | ८८२०० | ९ | |
| ३ | विभिन्न | पालिका | २०००००० | २०००००० | २०० | |
| ४ | १८५।०८१।११।२८ | पालिका | | २३००० | १ | |
| ५ | १८९।०८१।११।२९ | पालिका | | १९६०० | २ | |
| ६ | ४६३।०८२।३।१७ | वडा नं.१ | २००००० | १९५९५९ | ८ | २७ देखि ७० मिटरसम्म जडान समेतको कार्य |
| ७ | २०१।२०६।२४९ लगायत | वडा नं. २ | २००००० | २००००० | २० | विभिन्न गहिराईको २० जनालाई भुक्तानी |
| ८ | १८६।०८१।११।२८ | वडा नं. ६ | ४००००० | ३९०६८० | २२ | १९ मिटरको हेण्डपाईप जडानसम्मको कार्य |
| ९ | २७५।०८२।१।२५ | वडा नं. ७ | ३००००० | ३००००० | २० | ४९ मिटर गहिराईसम्ममा हेण्डपाईप जडान कार्य |
| | **जम्मा** | | **३९५००००** | **३८८०६६०** | **३५८** | |

४५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वत्तिय उत्तरदायित्व नियमावली,२०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा दिएको पेश्कि सोहि आर्थिक वर्ष भित्र फस्यौंट गरि सक्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको संस्था तथा निर्माण व्यवसायिलाई भुक्तानी गरेको पेश्कि रकम हालसम्म पनि फस्यौंट भएको नदेखिएकोले नियमावलीको व्यवस्था अनुसार समयमै पेश्कि फस्यौंट गर्नु पर्ने रु.

| पेश्कि लिनेको नाम | पेश्कि रकम | पेश्कि बाँकि मध्ये | |
|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको |
| पिनाकल इन्जिनियर्स प्रा. लि. | ३६०००० | ३६०००० | ० |
| मेसर्स देव कन्सट्रक्सन | ५२०००० | ५२०००० | ० |
| नेपाल विधुत प्राधिकरण | ३९९७३६ | ० | ३९९७३६ |
| नेपाल विधुत प्राधिकरण | १००००० | ० | १००००० |
| नेपाल विधुत प्राधिकरण | ४००००० | ० | ४००००० |
| नेपाल विधुत प्राधिकरण | ६२३८९ | ० | ६२३८९ |
| नेपाल विधुत प्राधिकरण | ३३८५०१ | ० | ३३८५०१ |
| नेपाल विधुत प्राधिकरण | १४९६०० | ० | १४९६०० |
| जय विष्णु विल्डर्स | २१७००० | २१७००० | ० |
| आर.बि. कन्सट्रक्सन | ११४१००० | ११४१००० | ० |
| सानो गैडहवा डि ट्युवेल जल उपभोक्ता समिति | ७५००० | ७५००० | ० |
| आर.बि. कन्सट्रक्सन | ३५३००० | ३५३००० | ० |
| **जम्मा** | **४११६२२६** | **२६६६०००** | **१४५०२२६** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३९,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **९८,४८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **७४,९०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४४९,९७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | १४,५०,२२६ |
|---|---|

४६ **यशोधरा पार्क**

यशोधरा पार्क निर्माण गर्न निम्नानुसार ५ वटा कार्यकोलागि रु.४,९५,२८,२०५.०० लागत लाग्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेको देखियो। परियोजना प्रतिवेदनको कार्यान्वियन र आर्थिक वर्ष २०८१।८२ मा निर्माण सम्पन्न गरेको यशोधरा पार्कको मन्दिर निर्माण सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छनः

| **क्र.सं.** | **विस्तृत परियोजना प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य** | **निर्माण लागत** | **मूल्य अभिवृद्धि कर** | **कुल लागत** | **कार्यान्वियन अवस्था** |
|---|---|---|---|---|---|
| १ | मन्दिर निर्माण | २५१२९७४८ | ३३६४८७३ | २८४९४६२१ | निर्माण सम्पन्न |
| २ | जमिन सम्याउने कार्य | ३३३३८२९ | ४४६४०० | ३७८०२२९ | नखुलेको |
| ३ | बाउण्ड्रिवाल | ११०४३८१९ | १४७८७६७ | १२५२२५८६ | नखुलेको |
| ४ | शौचालय निर्माण | ३१७१४११ | ४३२८९८ | ३६०४३०९ | नखुलेको |
| ५ | गार्ड घर | ९९३४३९ | १३३०२१ | ११२६४६० | नखुलेको |
| | **कुल** | **४३६७२२४६** | **५८५५९५९** | **४९५२८२०५** | |

४६.१ परियोजना प्रतिवेदन कार्यान्वियन

यशोधरा पार्कको परियोजना प्रतिवेदन अनुसारको निर्माण कार्य निम्न मास्टरप्लान र डिजाइन अनुसार हुने देखिएको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म भएको कार्य र निर्माण कार्य देखिने अवस्था खुल्ने अभिलेख तथा एकिकृत नापिकिताव तयार गरेको देखिएको छैन। परियोजना प्रतिवेदन तयारी गर्दा खर्च भएको लागतको पुर्ण सदुपयोग हुने गरी प्रतिवेदनमा समावेश भएको मास्टरप्लान, ड्रइङ्ग तथा डिजाइन अनुसारको निर्माण कार्य सम्झौतामा समावेश भई स्थलगत रुपमा समेत सोही अनुसार कार्यान्वियन भएको सुनिश्चित हुने गरी परियोजना प्रतिवेदनको कार्यान्वियनको अवस्था खुल्ने अभिलेख तथा एकिकृत नापिकिताव व्यवस्थित गर्नु पर्दछ।




Figure 18: 3D View of Master plan

४६.२ फरक डिजाइनको निर्माण कार्य

यशोधरा पार्कमा लागत अनुमान रु.२,८५,९६,६१६.०० भएको मन्दिर निर्माण कार्य २०८०।३।१५ सम्म सम्पन्न गर्ने गरी २०७८।११।२६ मा रु.२,१८,४२,५२६.०० मा पालिका र लुम्बिनी साँस्कृतिक जय बिष्णु जे.भि., लु.साँ.न.पा. ६, रुपन्देही बीच सम्झौता भएकोमा भेरियशनबाट सम्झौता रकम रु.२,५०,७३,७३७.०० र निर्माण अवधि २०८२।२।१५ सम्म कायम गरेको देखियो। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा सातौँ तथा अन्तिम बिलवापत गोश्वारा भौचर नं. ११।०८१।६।२१ र ११२।०८१।१०।१० बाट रु.२२,१७,९७१.०० समेत कुल कार्यको रु.२,४८,२१,००१.०० भुक्तानी गरी सोही अनुसार कार्य स्वीकार गरेकोमा निम्नानुसार विस्तृत परियोजना प्रतिवेदन र सम्झौतामा समावेश भन्दा फरक डिजाईनमा मन्दिर निर्माण भएको अवस्था रहेको छ। पालिकाले विस्तृत परियोजना प्रतिवेदन र सम्झौतामा समावेश भन्दा फरक डिजाईनमा निर्माण गरेको कार्य उपयुक्त देखिएको छैन। विस्तृत परियोजना प्रतिवेदन र सम्झौतामा समावेश भन्दा फरक डिजाईनमा मन्दिर निर्माण भई आर्थिक वर्ष २०८१।८२ मा अन्तिम भुक्तानी भएको रु.






| अनियमित भएको | २२,१७,९७१ |
|---|---|

४७ **राजस्व अनुमान तथा प्राप्ति**

पालिकाको निम्नानुसार शीर्षकमा आर्थिक वर्ष २०७९।८० मा रु.३,३१,५१,३९०.०० र २०८०।८१ मा रु.३,४७,७४,५४८.०० आम्दानी प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१।८२ को अनुमान रु. ८,०४,३९,१००.०० मध्ये रु.६,२२,९५,०७८.०० प्राप्ति गरेको देखिन्छ।

| क्र.सं. | प्राप्तिको स्रोत | २०७९।८० को यथार्थ | २०८०।८१ को यथार्थ | २०८१।८२ को अनुमान | २०८१।८२ को यथार्थ |
|---|---|---|---|---|---|
| १ | सम्पती कर | १४४०४६९ | ४४२४७५ | ३०००००० | ७७३९१३ |
| २ | भुमिकर/मालपोत | ८६८५३६ | ३९८५७०९ | ७०००००० | १७५३६९९ |
| ३ | वहाल कर | १४९५३९३ | ५६२७८ | २००००० | २२९१०९ |
| ४ | वहाल विटौरी कर | ८५७५ | ८१३०९५ | १७००००० | ९०१९८७ |
| ५ | सवारी साधन कर (साना सवारी) | २२२४ | १००० | ० | ८०० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ० | १६६०० | ० | १०१४८५ |
| ७ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ० | ० | २५०० |
| ८ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २०० | ० | १००० |
| ९ | अन्य कर | २४०७९८२१ | ११०८४६२७ | १०००००००० | १४२६३७५७ |
| १० | सेवामुलक निकायबाट प्राप्त लाभांश | ० | ० | ० | ५८१६६२१ |
| ११ | अन्य निकायबाट प्राप्त लाभांश | ० | ० | ० | २७२६१७० |
| १२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ३८८५२७२ | ० | २०० |
| १३ | अन्य बिक्रीबाट प्राप्त रकम | १३२४८३ | १३१४८७७ | ७०००००० | १८७८१४१० |
| १४ | विद्युत सेवा शुल्क | ० | २०० | ० | २०० |
| १५ | अन्य सेवा शुल्क तथा बिक्री | ४०९६ | ३३५५२८६ | ३२५८९१०० | ६६६८४३५ |
| १६ | न्यायिक दस्तूर | ० | ० | ० | २८४०० |
| १७ | शिक्षा क्षेत्रको आम्दानी | ० | ३७१०० | १००००० | ११९७०० |
| १८ | परीक्षा शुल्क | ११८०० | १२९०० | ० | ६५२०० |
| १९ | अन्य प्रशासनिक सेवा शुल्क | ७७८७६६ | २३५१०० | ३००००० | ५१०६८० |
| २० | अन्य प्रशासनिक सेवा शुल्क | ३६८२५७ | २०८८१९ | ७००००० | ३७१४०३ |
| २१ | नक्सापास दस्तुर | २२४७३०८ | १४६०५४७ | २५००००० | १९३३३७२ |
| २२ | सिफारिश दस्तुर | ० | ८३१७०० | १५००००० | १०९९३०० |
| २३ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | १९७९०० | ४००००० | २३५७०० |
| २४ | नाता प्रमाणित दस्तुर | ० | १९०६७८८ | ३०००००० | ११४१७०७ |
| २५ | अन्य दस्तुर | ४१४३२० | ९१२०० | २००००० | ३४१७५ |
| २६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२९९३४२ | १०० | ० | ७५० |
| २७ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ४२००३३ | १०००००० | ३७८३२१६ |
| २८ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ० | ३४५४४२९ | ६८५०००० | २९५१२५ |
| २९ | अन्य राजस्व | ० | ५३९३७५ | १९००००० | ३७८९२५ |
| ३० | व्यवसाय कर | ० | ४२२९३८ | ५००००० | १०९७३४ |
| ३१ | बेरूजू | ० | ० | ० | १३५९९५ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | नगद | ० | ० | ० | ३१३१० |
| | जम्मा | ३३१५१३९० | ३४७७४५४८ | ८०४३९१०० | ६२२९५९७८ |

४७.१ आन्तरिक आम्दानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सम्पत्ति कर, भूमिकर/मालपोत, वहाल कर, वहाल विटौरी कर, माछा पोखरी आम्दानी, विज्ञापन कर, सवारी साधन कर (साना सवारी) लगायत आम्दानी प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को राजस्वको अनुमान रु. ८,०४,३९,१००.०० मध्ये रु. ६,२२,९५,०७७.७२ प्राप्त गरेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजस्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिँदैन। पालिकाले आन्तरिक आम्दानीको प्रक्षेपण वस्तुपरक रुपमा यथार्थपरक हुने गरी निर्धारण गर्ने, नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न गराउनु पर्दछ।

४७.२ **नदीजन्य पदार्थ उत्खनन**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संसोधन २०७९।२।६) को बुँदा १२(१) अनुसार ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित पालिकाले नियमानुसार शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको क्षेत्र भित्र रहेका निम्नानुसार घाटबाट नदीजन्य पदार्थ उत्खनन र प्रयोग गर्न प्रतिस्पर्धात्मक आयठेक्का आह्वान नगरी राष्ट्रिय गौरबको आयोजना वुटवल नारायढगढ सडक खण्ड (Contract No: SRIP/ICB/NB-०२ NarayanGhat dekhi Butwal Road Section-२)को निर्माण व्यवसायी श्री चाईना स्टेट कन्स्ट्रक्सन ईन्जिनियरिङ कर्पोरेशन लिमिटेड, चाइनाले महाराजा बिल्डर्स, सुद्धोधनलाई एजेन्ट नियुक्त गरी २०८१।६।१३ मा पालिकामा अनुरोध गरेको आधारमा कार्यपालिकाको २०८१।८।९ को आधारमा निम्नानुसार घाटबाट प्रदेशले तोकेको प्रतिघनफुट रु. ८ मा ५० प्रतिशत थप गरी रु. १२ कायम गरी पहिलो चरणमा खैरनी कट्टा घाट १ र ३ र दोस्रोचरणमा लोधपुरौवा घाटबाट उत्खन्न गर्ने गरी निम्नानुसार मूल्य अभिवृद्धि र अग्रिम कर बाहेक कुल रु.२,३३,९१,१३८.०० सम्झौता गरी आय प्राप्त गरेको अवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा आय ठेक्का आह्वान नगरेको, आय ठेक्का आह्वान गरेको अवस्थामा समेत राष्ट्रिय गौरवका आयोजना सञ्चालनको जिम्मेवारीमा रहेका निर्माण व्यवसायी सहभागी नहुने तर अमानत प्रकृयामा सहभागी भई सम्झौता हुने गरेको देखियो। पालिकाले प्रतिपर्धात्मक र पारदर्शी हुने गरी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार राष्ट्रिय गौरबको आयोजनामा नदीजन्य पदार्थको अभाव नहुने गरी परिमाण मात्र सुनिश्चित गरी ठेक्का वन्दोवस्त गर्ने वा राष्ट्रिय गौरबको आयोजनाको ठेक्का बन्दोबस्त गर्दा लागत अनुमान तयार गर्दाको नदीजन्य पदार्थको साईट, प्रयोग भएको लागत दर तथा प्रचलित बजार मुल्य समेतको विश्लेषणका आधारमा नदीजन्य पदार्थको दर निर्धारण गरी सम्झौता गर्नु पर्ने वा नदिजन्य पदार्थ आवश्यक पर्ने निर्माण व्यवसायी पालिकाको प्रतिस्पर्धात्मक तथा पारदर्शी आय ठेक्का प्रकृयामा सहभागी भई सारभुतरुपमा बढी कबोल सम्झौता गरी आवश्यक सामाग्री प्राप्त गर्नु पर्दछ।

| क्र.सं. | उत्खन्न क्षेत्र | उत्खनन परिमाण (घनमिटर) | सम्झौता मिति | दर | सम्झौता रकम |
|---|---|---|---|---|---|
| १ | लोधपुरौवा घाट | २२५०५.७० | | १२ | ९५३७३८५ |
| २ | खैरेनी कट्टा घाट १ | १६०१०.४० | ०८१।१०।१४ | १२ | १३८५३७५३ |
| ३ | खैरेनी कट्टा घाट ३ (खैरेनी कट्ट २ को परिमाण समेत) | १६६९४.४० | | | |
| | **जम्मा** | **५५२१०.५०** | | | **२३३९११३८** |

४७.३ राजश्व छूट

गैडहवा गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा ११(ङ) मा आय ठेक्काको सम्पुर्ण किस्ता वापत बुझाउनु पर्ने रकम सम्झौता म्याद भित्र एकमुष्ठ रकम बुझाएमा कुल रकमको १० प्रतिशत छुट दिने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा श्री बजरंगी सराफसंग आय ठेक्का नं. ३ को बुधबारे साप्ताहिक सुर्यपुरा हाटबजारको लागि २०८१।०४।२२ मा कुल कबुल अंक रु.६,४१,५९२.९२ (भ्याट बाहेक) सम्झौता गरी आय ठेक्काको अन्तिम म्याद २०८१ असार मसान्तसम्ममा ठेक्का वापतको सम्पूर्ण रकम एकमुष्ठ दाखिला गरेको अवस्थामा १० प्रतिशत राजश्व छुट हुने व्यवस्था गरेकोमा श्री बजरंगी सराफले देहायको विभिन्न मितिमा चार किस्तामा आय ठेक्का वापतको (छुट पछिको नब्बे प्रतिशत) रु. ५,७७,४९४.०० दाखिला गरेको अवस्थामा समेत रु.६४१५९.०० राजश्व छुट दिइएको छ। ऐनको प्रावधान विपरीत दिएको छुट नियमसंगत नदेखिएकाले उक्त राजश्व छूट श्री बजरंगी सराफबाट असूल गर्नुपर्ने रु.

| क्र.सं. | दाखिला मिति | दाखिला रकम(रु.) |
|---|---|---|
| १ | ८१।०४।०२ | २२५००० |
| २ | ८१।०४।०९ | ६५००० |
| ३ | ८१।०४।२२ | १००००० |
| ४ | ८१।०४।०९ | १८७४९४ |
| | **जम्मा** | **५७७४९४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,१५९ |

४७.४ वन पैदावर आय

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा आफनो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितीले वन पैदावर विक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाइ स्थानिय तहबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानिय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पलिकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावार आम्दानी संचित कोषमा दाखिला भएको देखिदैन। पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायिक वन उपभोक्ता समितिले गरेको वन पैदावारको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावारको विक्रि वापत प्राप्त गरेको रकम यकिन गरी असुल गर्नेपर्फ पहल गर्नुपर्दछ।

## ४८ अस्पताल निर्माण

पालिकाको सुर्यपुरामा १५ शैया अस्पताल भवन निर्माण कार्य २०८२।८।२४ सम्म सम्पन्न गर्ने गरी पि.एम.-गुडविल्ड जे.भी., काठमाडौंसँग २०८०।२।२४ मा रु.१९,९१,१३,४१०.०० (संसोधित सम्झौता रु.१८,५६,१२,९२९.००) को सम्झौता भई २०८२।३।७ मा रु. १८,४२,६०,९०९.०० बराबरको निर्माण सम्पन्न भएको आधारमा कार्य स्वीकार गरेको देखियो। निर्माण सम्पन्न भएको अस्पताल सञ्चालन गर्नको लागि कार्यविधि तयार गरी सेवा प्रवाह भएको देखिदैन। आयोजनाको अपेक्षित उपलब्धी हासिल हुने र प्रभावकारी सेवा प्रवाह हुने गरी कार्यविधि तयार गरी अस्पताल सञ्चालन हुनु पर्दछ। अस्पतालको निर्माण सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार रहेका छन्।

४८.१ **सम्झौता कार्यान्वयन**

आर्थिक वर्ष २०७७।७८ मा विनियोजन भएको रु. १ करोडबाट पालिकाको वडा नं. ६ को सूर्यपुरामा रहेको पुरानो २ वटा भवन भत्काई अस्पताल भवन निर्माण गर्न लागत अनुमान रु.९८,५४,९४०.०० तयार गरी एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५, लुम्बिनीसँग २०७८।३।२५(१४४ दिन भित्र) सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७।११।१६ मा रु.७७,३७,१२७.०० को सम्झौता भई गोश्वारा भौचर नं. ९।०७८।३।२३ बाट रु. ५७,०९,७२८.०० भुक्तानी भएको र २०७८।७९ मा बजेट व्यवस्था नभएकोले म्याद थप समेत नभएको बेहोरा आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा नं. ४२ मा समावेश भएको छ। सोही स्थानमा पुनः पुरानो २ वटा भवन भत्काएर अस्पताल भवन निर्माण गर्न लागत अनुमान रु.२०,२०,३२,७८३.०० तयार गरी आर्थिक वर्ष २०७९।८० मा बोलपत्र आह्वान गरी २०८२।८।२४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।२।२४ मा पि. एम. - गुडविल्ड जे. भी., काठमाडौँ, महानगरपालिका नयाँ बानेश्वरसँग रु.१९,९१,१३,४१०.०० को सम्झौता भई एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५ सँग २०७७।११।१६ मा भएको सम्झौताबाट कार्य भएको संक्षिप्तमा उल्लेख गरी भेरियशन पश्चात संशोधित सम्झौता रु.१८,५६,१२,९२९.०० कायम गरी २०८२।३।७ मा रु. १८,४२,६०,९०९.०० बराबरको निर्माण सम्पन्न भएको आधारमा कार्य स्वीकार गरेको देखियो। पालिकाले एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५, लुम्बिनीसँग २०७८।३।२५(१४४ दिन भित्र) सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७।११।१६ मा रु.७७,३७,१२७.०० को सम्झौता भई गोश्वारा भौचर नं. ९।०७८।३।२३ बाट रु.५७,०९,७२८.०० भुक्तानी भए पश्चात सम्झौता कार्यान्वयन वा अन्त्य गरी नयाँ ठेक्का ब्यवस्थापन गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएको छैन।आयोजना सम्पन्न गर्नको लागि सालवसाली वा वहुवर्षिय रुपमा भएको निर्माण सम्झौता कार्यान्वयन भई सम्झौता अनुसारको कार्य सम्पन्न भएको वा निर्माण सम्झौता अन्त्य भएको एकिन गरी सोही ठाउँमा बाँकी भएको कार्य गर्न नयाँ निर्माण सम्झौता भएको सुनिश्चितता हुनु पर्दछ।

| क.सं. | विस्तृत विवरण तथा कार्य | लागत रु |
|---|---|---|
| क | परियोजना प्रतिवेदन अनुसार (२०२१ फेब्रअरी) | |
| १ | निर्माण कार्य | |
| ए | डिस्मेन्टल कार्य | २७८८०२३ |
| बि | हस्पिटल भवन | १५२६२५८०० |
| २ | वाटर सप्लाई तथा स्यानिटरीको कार्य | १८८३४५० |
| ३ | इलेक्ट्रिक कार्य एच.भि.एसि. समेत | १८७६६७९१ |
| | जम्मा रकम | १७६०७४०६४ |
| | प्रोभिजनल सम आइटम | ३४५९९०९ |
| | भ्याट १३ प्रतिशत | २२८८९६२८ |
| | परियोजना प्रतिवेदन अनुसार कुल कुल लागत | २०२४२३६०१ |
| ख | ठेक्का नं. ६।०७७।७८ अनुसारकोगो.भौ.नं. ९।०७८।३।२३ एकिकृत स्वास्थ्यपुर्वाधार विकास कार्यक्रमबाट भुक्तानी भएको कार्य-एस. एस. के. निर्माण सेवा प्रा.लि. | भुक्तानी रु. |
| १ | Site clearance work – १८२२.९२ Sqm | ४८६७२ |
| २ | E/W excavation in foundation Medium Soil ६९४.२० Cum | ४६३९८६ |
| ३ | Brick Soiling Works ३०७.५६Sqm | ३१२०५३ |
| ४ | PCC Work (१:३:६) – ३०.७६ Cum | २४६३५८ |
| ५ | PCC M२० Grade Concrete for RCC Works- २०१.१२ Cum | २३६२७५३ |
| ६ | Form – work for RCC Work- ४६४.३७ Sqm | २७२७६८ |
| ७ | Reinforcement Work – १४८३० kg | १३४६२६७ |
| | Dismantling Work | |
| ८ | Two storied RCC and Truss Building- JobRs.२६७०० | ० |
| ९ | One Storied RCC Building- Job Rs.२६७०० | ० |
| | Sub Total | ५०५२८५७ |
| | Vat १३ % | ६५६८७१ |
| | Grand Total Payment | ५७०९७२९ |
| | Work completed mention in Second construction Agreement Variation Order | २८ Pillar |
| | Agreement Total | |

| | | |
|---|---|---|
| | | ७७३७१२७ |
| | Cost Estimate | ९८५४९४० |

४८.२ निर्माण अवधि र बोनस प्रावधान

पालिका र पि.एम.-गुडविल्डजे. भी., काठमाडौँ, महानगरपालिका नयाँ बानेश्वर विच २०८०।२।२४ भएको सम्झौताको विशेष शर्तको जि.सि.सि. ५६.१ अनुसार सम्झौता अवधि भन्दा अगाबै कार्य सम्पन्न गरेमा प्रतिदिन ०.०५ प्रतिशतका दरले सम्झौताको १० प्रतिशतमा नबढ्ने गरी बोनस उपलब्ध गराउने व्यवस्था गरेको छ। आर्थिक वर्ष २०७७।७८ मा विनियोजन भएको रु. १ करोडबाट पालिकाको वडा नं. ६ को सूर्यपुरामा रहेको पुरानो २ वटा भवन भत्काई अस्पताल भवन निर्माण गर्न लागत अनुमान रु.९८,५४,९४०.०० तयार गरी एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५, लुम्बिनीसँग २०७८।३।२५(१४४ दिन भित्र) सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७।११।१६ मा रु.७७,३७,१२७.०० को सम्झौता भई गोश्वारा भौचर नं. ९।०७८।३।२३ बाट रु. ५७,०९,७२८.०० भुक्तानी भएको र २०७८।७९ मा बजेट व्यवस्था नभएकोले म्याद थप समेत नभएको बेहोरा आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा नं. ४२ मा समावेश भएको छ।पालिकाले पुरानो २ वटा भवन भत्काएर अस्पताल भवन निर्माण गर्न लागत अनुमान रु.२०,२०,३२,७८३.०० तयार गरी आर्थिक वर्ष २०७९।८० मा बोलपत्र आह्वान गरी २०८२।८।२४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।२।२४ मा पि.एम.-गुडविल्ड जे. भी., काठमाडौँ, महानगरपालिका नयाँ बानेश्वरसँग रु.१९,९१,१३,४१०.०० सम्झौता भएको देखियो।पालिकाले एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५ सँग २०७७।११।१६ मा भएको सम्झौताबाट कार्य भएको संक्षिप्तमा उल्लेख गरी भेरियशन पश्चात संशोधित सम्झौता रु.१८,५६,१२,९२९.०० कायम गरी २०८२।३।७ मा रु. १८,४२,६०,९०९.०० बराबरको निर्माण सम्पन्न भएको आधारमा कार्य स्वीकार गरेको देखियो। आर्थिक वर्ष २०७९।८० मा बोलपत्र आह्वान गर्दा सम्पुर्ण (आर्थिक वर्ष २०७७।७८ मिति २०७७।११।१६ को सम्झौतामा समावेश समेत) कार्य ३० महिना भित्र सम्पन्न गर्नु पर्ने गरी बोलपत्र आह्वान गरेको, आर्थिक वर्ष २०७७।७८ मिति २०७७।११।१६ को सम्झौतामा समावेश अनुपातिक समयावधि नघटाएको र बोनस समेत भुक्तानी हुने गरी सम्झौता हुने खरिद प्रकृयाको लागत अनुमान तयार गर्दा भवन निर्माण गर्न लाग्ने अवधि समेत यथार्थ परक रुपमा निर्धारण गरेको देखिदैन। आर्थिक वर्ष २०७७।७८ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश सुझाव तथा बेहोराहरु आर्थिक वर्ष २०७९।८० मा ठेक्का व्यवस्थापन गर्दा अनुसरण नगरेकोले २०७७।११।१६ मा एस. एस. के. निर्माण सेवा प्रा.लि., लुम्बिनी सांस्कृतिक नगरपालिका ५, लुम्बिनीसँग भएको सम्झौता सम्पन्न वा अन्त्य नगरेको अवस्थामा उक्त निर्माण कम्पनीले गरेको निर्माण कार्य र निर्माण अवधि निर्धारण बेगर सवै परिमाणको कार्य गर्ने गरी नयाँ ठेक्का व्यवस्थापन भएको देखियो।

| क्र.सं. | कामको विवरण | डि.पि.आर अनुसार (२०२१ फेब्रअरी) | लागत अनुमान | सम्झौता | | सम्पन्न कार्य |
|---|---|---|---|---|---|---|
| | | | | सुरु सम्झौता | भेरियशन पश्चात | |
| १ | प्रोभिजनल सम | ३४५९९०९ | ३४५९९०९ | ३४५९९०९ | ३४५९९०९ | २५०७६१९ |
| २ | डिस्मेन्टल, भवन निर्माण वाटर सप्लाई तथा स्यानिटरी तथा इलेक्ट्रिक कार्य एच.भि.एसि. समेतको कार्य | १७४७०९९७६ | १७६०६४०६४ | १७३१४४६९२ | १६११९७३६३ | १६०८४३६१९ |
| ३ | मूल्य अभिवृद्धि कर | २२८८९६२८ | २२५०८८१० | २०९५५६५७ | २०९५५६५७ | २०९०९६७० |
| | कुल रकम | २०१०५९५१३ | २०२०३२७८३ | १९९११३४१० | १८५६१२९२९ | १८४२६०९०९ |
| | अन्तिम तथा १२ औं रनिङ्ग विलसम्मको भुक्तानी (प्रोभिजनलसमको साइट क्याम्पको १२ महिनाको सट्टा २४ महिनाको जोड भएकोले कार्यस्विकार प्रतिवेदनमा बढी देखिएको छ) | | | | | १८४०१७०१७ |
| | बोनस (१५५ दिन) भुक्तानी (गो.भौ.नं. ५३५।०८२।३।२३ गाँ.पा. र ३२।०८२।३।२३ संघ) | | | | | ११९२९६९० |
| | आकस्मिक लाभकर पश्चात बोनस भुक्तानी | | | | | ८९४७२६७ |

४८.३ **बोनस बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **८,३१२,३२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८.४ डिसमेन्टलिङ्गको कार्य

आर्थिक वर्ष २०७७।७८ मा लागत अनुमान रु.९८,५४,९४०.०० तयार गरी पुरानो २ वटा भवन भत्काएर १५ शैया अस्पताल भवन निर्माण कार्य २०७८।३।२५सम्म सम्पन्न गर्ने गरी २०७७।११।१६ मा एस. एस. के. निर्माण सेवा प्रा.लि.सँग रु.७७,३७,१२७.०० को सम्झौता भई गोश्वारा भौचर नं. ९।०७८।३।२३ बाट रु. ५७,०९,७२८.०० भुक्तानी भएको र सोही स्थानमा पुनः पुरानो सोही २ वटा भवन भत्काएर अस्पताल भवन निर्माण गर्न लागत अनुमान रु.२०,२०,३२,७८३.०० तयार गरी २०८२।८।२४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।२।२४ मा पि.एम.-गुडविल्ड जे. भी., काठमाडौँ, महानगरपालिका नयाँ बानेश्वरसँग रु.१९,९१,१३,४१०.०० को सम्झौता गरी पहिलेको कार्य घटाई संशोधित सम्झौता रु.१८,५६,१२,९२९.०० कायम गरी २०८२।३।७ मा रु. १८,४२,६०,९०९.०० को निर्माण सम्पन्न भएको भएको देखियो। पहिलो सम्झौता कार्यान्वयन अवस्था नखुलेको र भुक्तानी भएको ठेक्का विल अनुसार लागत अनुमान रु.२७,८८,०२२.०० भएको २ र १ तलाको पुरानो भवन भत्काउनको लागि एक/एक कार्य मानी रु.२६,७००.०० को दरले निर्माण व्यावसायी एस. एस. के. निर्माण सेवा प्रा.लि.ले कबोल गरेको कार्य नभएको कारण दोस्रो सम्झौतामा समावेश गरी पि. एम.- गुडविल्ड जे. भी., काठमाडौँबाट आइटमगत कबोल गरेको रु.२३,३२,५७०.०० मा गराउँदा निम्नानुसार रु.२२,७९,१७०.०० लागत थप परेको छ। ठेक्का नं. ६।०७७।७८ को मिति २०७७।११।१६ मा भएको निर्माण सम्झौताको रु.५७,०९,७२८.०० भुक्तानी पश्चातको कार्यान्वयन अवस्था लेखापरीक्षणको क्रममा पेश नभएकोले पालिकाले निर्माण सम्झौताको कार्यान्वयन अवस्था पेश गरी एस. एस. के. निर्माण सेवा प्रा.लि.सँग सम्झौतामा समावेश पुरानो २ वटा भवन भत्काउने कार्यको निम्नानुसार आइटम कार्यान्वयन नभई ठेक्का नं. ९।०७९।८० को २०८०।२।२४ मा पि. एम. - गुडविल्ड जे. भी., काठमाडौँसँगको सम्झौतामा समावेश गरी भएको भुक्तानीको फरक रु.

| ठेक्का नं. ६।०७७।७८ | | | ठेक्का नं. ९।०७९।८० | | | | Different Due to |
|---|---|---|---|---|---|---|---|
| S.N. | Dismantling Work and Unit | Amount Rs. | Dismantling Work and Unit for 2 Building | Qty | Estimate Rs. | Payment Rs. | Underperform by First Contract |
| 1 | Twostorey RCC and Truss Building- Job | २६७०० | १. a. Dismantling P.C.C- Cum | ६८.२ | १९१०५६ | १३२९२० | २२७९१७० |
| २ | One Storied RCC Building- Job | २६७०० | २. b. Dismantling R.C.C. or R.B.C work-Cum | २५९.६४ | २०००२३९ | १७९८०९० | |
| | | | ३. c. Dismantling Masonry Wall- CUM | ३८५.०७ | ५७१७२७ | ३८१५६० | |
| | | | ४. d. Dismantling Miscellaneous Item – CGI Roof, door etc.- LS | १ | २५००० | २०००० | |
| | Total without VAT | ५३४०० | Total without Vat | | २७८८०२२ | २३३२५७० | २२७९१७० |
| | Total Agreement Amount | ७७३७१२७ | Total Agreement Amount | | | १९९११३४१० | |
| | Total Agreement Amount | ७७३७१२७ | Total Agreement Amount after Variation | | | १८५६१२९२९ | |

| | |
|---|---|
| अनियमित भएको | २२,७९,१७० |

४८.५ गुणस्तर परीक्षण योजना

पि. एम. - गुडविल्ड जे. भी., काठमाडौँ, महानगरपालिका नयाँ बानेश्वरसँग२०८०।२।२४मा भएको सम्झौताको बुँदा नं. ७.४ (पाना नं.१५ गुणस्तर नियन्त्रण) मा निर्माण व्यावसायीले गुणस्तर आस्वस्तता योजना (Quality Assurance Plan - QAP)तयार गरी स्वीकृत गर्ने र सोही अनुसार निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्नु पर्ने उल्लेख छ। सम्झौताको सर्त अनुसार गुणस्तर आस्वस्तता योजना (Quality Assurance Plan - QAP)तयार गरी स्वीकृत भई कार्यान्वयन गरी

निर्माण कार्यमा प्रयोग भएको सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गरेको प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएको छैन। सम्झौता अनुसार गुणस्तर आस्वस्तता योजना (Quality Assurance Plan - QAP)तयार गरी स्वीकृत गर्ने र सोही अनुसार निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण भएको हुनु पर्दछ।

४९ **बालिका जिबन विमा कार्यक्रम**

पालिकाको आर्थिक वर्ष २०७५।७६ देखि बाल विवाहलाई निरुत्साहित गर्दै छोरी प्रति हेर्ने दृष्टिकोष परिवर्तन गर्न जन्मेका वालिकाको २० वर्ष वालिका विमाको व्यवस्था मिलाउने लैङ्गिक समानता तथा समाजिक समावेशिकरण तर्फको नीति तथा कार्यक्रम अनुसार पालिकाले आर्थिक वर्ष २०७५।७६ देखि २०८१।८२ सम्म निम्नानुसार रु.१,६०,१३,५३६.०० को बालिका जिबन विमा कार्यक्रम लागु गरेको देखियो।

| गो.भौ.नं. | संख्या | खर्च रकम | थप बेहोरा |
|---|---|---|---|
| आर्थिक वर्ष २०७५।७६ | २१ | ४२०००० | बच्चाको बैंक खातामा प्रति बच्चा रु.२०,०००.०० का दरले वचत गरेको। |
| आर्थिक वर्ष २०७६।७७ | ६७ | १३४०००० | |
| आर्थिक वर्ष २०७७।७८ | ७५ | १५००००० | |
| आर्थिक वर्ष २०७८।७९ | १२५ | २५००००० | |
| आर्थिक वर्ष २०७९।८० | १४१ | २८२०००० | |
| आर्थिक वर्ष २०८०।८१ | १५० | ३०००००० | |
| १४।०८१।७।२९ | २० | ३९७३१० | विमा कम्पनी प्रभु महालक्ष्मी लाईफ इन्सुरेन्स कम्पनीसँग सम्झौता गरी कार्यान्वियन गरेको। |
| २१।०८१।८।२४ | ५७ | ११४०००० | |
| २७।०८१।९।१७ | ४२ | ८३६२२६ | |
| ५६।०८२।२।२८ | १३ | २६०००० | |
| ३५।०८१।११।२६ | ४८ | ९६०००० | |
| ४३।०८१।१२।२१ | ४२ | ८४०००० | |
| **जम्मा** | | **१६०१३५३६** | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गैडहवा गाउँपालिका, रुपन्देही , गैडहवा गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | yam kant paudel | २०७८-०९-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५०५,१३४ | ५,४९७,१४१ | ९,८१२,३२८ | ० | ० | ३,४८३,३९७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १९,२९८,००० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ११,९५४,७४९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७,३४३,२५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०३७९५६६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६२४८६३३३७ | चालु खर्च | ५४२१३८६५२ |
| प्रदेश सरकारबाट अनुदान | २८५५११५०० | पूँजीगत खर्च | २६४०७५६०६ |
| राजश्व बाँडफाँट | ११७६३८१६८ | वित्तीय/अन्य व्यवस्था | ५४७६८१२९ |
| आन्तरिक आय | ६२२९५०८२ | | |
| अन्य आय | १६४८६१२२ | | |
| कुल आय | ८४९८३४२०९ | कुल खर्च | ८६०९८२३८७ |
| बाँकी मौज्दात | | ४९२३१३८८ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १३,४९,२४,०४८.७० | १३,४९,२४,०४८.७० | १२,१५,९७,००३.६७ | १२,१५,९७,००३.६७ |
| १३००० | अनुदान | ३५,५४,५९,७५१.६५ | ३५,५४,५९,७५१.६५ | ३६,२१,१६,११०.८५ | ३६,२१,१६,११०.८५ |
| १४००० | अन्य राजस्व | ४,४७,३२,१५८.२० | ४,४७,३२,१५८.२० | २,१९,१२,३३२.८७ | २,१९,१२,३३२.८७ |
| १५००० | विविध प्राप्ति | १,०९,७३४.०० | १,०९,७३४.०० | ४,२२,९३७.६० | ४,२२,९३७.६० |
| क | **कुल जम्मा प्राप्ति** | ५३,५२,२५,६९२.५५ | ५३,५२,२५,६९२.५५ | ५०,६०,४८,३८४.९९ | ५०,६०,४८,३८४.९९ |
| ३ | चालु | ३६,६९,२५,७५३.०९ | ३६,६९,२५,७५३.०९ | ३२,९३,६६,२८५.५८ | ३२,९३,६६,२८५.५८ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,५०,५९,९२९.८९ | १७,५०,५९,९२९.८९ | १७,७९,३४,२२६.२४ | १७,७९,३४,२२६.२४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,२५,२६,१५६.२० | ११,२५,२६,१५६.२० | १०,९४,८१,३८३.२४ | १०,९४,८१,३८३.२४ |
| २५००० | सहायता (Subsidy) | ६,७१,९५,२०३.०० | ६,७१,९५,२०३.०० | ३,३६,३८,८५१.१० | ३,३६,३८,८५१.१० |
| २७००० | सामाजिक सुरक्षा | १,१३,१२,१२३.०० | १,१३,१२,१२३.०० | ७८,२२,३२५.०० | ७८,२२,३२५.०० |
| २८००० | अन्य खर्च | ८,३२,३४१.०० | ८,३२,३४१.०० | ४,८९,५००.०० | ४,८९,५००.०० |
| ४ | पूंजीगत | १७,३८,४१,२६८.६२ | १७,३८,४१,२६८.६२ | १८,६०,३३,९६४.९० | १८,६०,३३,९६४.९० |
| ३१११० | भवन तथा संरचना | ३४,८८,४८३.०० | ३४,८८,४८३.०० | ५७,२९,२०२.०० | ५७,२९,२०२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८६,२९,१७६.०० | ८६,२९,१७६.०० | १,३७,६६,६८५.०० | १,३७,६६,६८५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,३७,३५५.०० | ४,३७,३५५.०० | ३५,६५,६४९.०० | ३५,६५,६४९.०० |
| ३११५० | सार्वजनिक निर्माण | १२,३७,२७,५०७.६२ | १२,३७,२७,५०७.६२ | ९,७४,३४,१०८.०० | ९,७४,३४,१०८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २१,८९,३९१.०० | २१,८९,३९१.०० | ९,७५,७७१.०० | ९,७५,७७१.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ३,५३,६९,३५६.०० | ३,५३,६९,३५६.०० | ६,४२,६२,६८८.९० | ६,४२,६२,६८८.९० |
| ३१२२० | मौज्दात सामानहरु | ० | ० | २,९९,८६१.०० | २,९९,८६१.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ५४,०७,६७,०२१.७१ | ५४,०७,६७,०२१.७१ | ५१,५४,००,२५०.४८ | ५१,५४,००,२५०.४८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (५५,४१,३२९.१६) | (५५,४१,३२९.१६) | (९३,५१,८६५.४९) | (९३,५१,८६५.४९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | (५७,८४,७०२.८०) | (५७,८४,७०२.८०) | १,४०,६९,५९३.७३ | १,४०,६९,५९३.७३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | १०,५४७.५० | १०,५४७.५० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | (१,१३,२६,०३१.९६) | (१,१३,२६,०३१.९६) | ४७,१७,७२८.२४ | ४७,१७,७२८.२४ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ६,०३,९०,११४.५४ | ६,०३,९०,११४.५४ | ५,५८,३९,६९१.३० | ५,५८,३९,६९१.३० |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४,९०,६४,०८२.५८ | ४,९०,६४,०८२.५८ | ६,०५,५७,४१९.५४ | ६,०५,५७,४१९.५४ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नभएको तथा आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।